राष्ट्रिय साप्ताहिक
जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्चन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञाबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ४१, जेठ ८ गते शुक्रबार, २०८३ (22 May, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम

## राष्ट्रपति पौडेलद्वारा सङ्घीय संसदलाई सम्बोधन, पुरानै 'परम्परा' को हुबहु निरन्तरता

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलले आ.व. २०८३/८४ का लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । राष्ट्रपति पौडेलले सोमबार (वैशाख २८ गते) संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । यस्तो छ सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको पूर्णपाठः

**प्रतिनिधिसभाका**
**सम्माननीय सभामुख,**
**राष्ट्रियसभाका**
**सम्माननीय अध्यक्ष,**
**संघीय संसदका माननीय सदस्यहरू,**

वि.सं. २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनपश्चात जनताबाट प्राप्त स्पष्ट जनादेशसहित गठन भएको सरकारका तर्फबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु । नेपालको लोकतान्त्रिक आन्दोलनका प्रेरणाका अग्रजलाई



स्मरण गर्दै नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टाचार नियन्त्रण, आर्थिक रूपान्तरण र जनउत्तरदायी शासन प्रणाली स्थापनाको आकाङ्क्षासहित २०८२ भदौ २३ र २४ गते युवापुस्ताको ऐतिहासिक सहभागितामा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने नागरिक तथा राष्ट्रसेवक एवम् लोकतन्त्र, स्वतन्त्रता र परिवर्तनका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण तथा घाइते हुनुभएका सम्पूर्ण योद्धाहरूको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु । उहाँहरूको बलिदान यस राष्ट्रका लागि चिरस्मरणीय र प्रेरणाको अक्षय स्रोत बनिरहनेछ । उहाँहरूको त्याग, साहस र बलिदानलाई परिणाममुखी शासनमार्फत सार्थक बनाइनेछ भन्नेमा विश्वस्त छु ।

**माननीय सदस्यहरू,**

१. निर्वाचनपछि प्रतिनिधि सभामा स्पष्ट बहुमत प्राप्त एउटै राजनीतिक दलको नेतृत्वमा सरकार गठन हुनु मुलुकका लागि राजनीतिक स्थिरता, नीतिगत स्पष्टता र रूपान्तरणकारी सुधारको ऐतिहासिक अवसर हो । सरकारले सुशासनलाई समृद्ध नेपालको आधारशिलाका रूपमा ग्रहण गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान र सामाजिक उन्नतिलाई अभियानका रूपमा अघि बढाउनेछ । सबै वर्ग, क्षेत्र र समुदायको समान अपनत्व सुनिश्चित गर्न राजनीतिक दलहरूसँग संवाद र सहकार्यका आधारमा संविधान संशोधनका साझा विषय पहिचान गरी 'संविधान संशोधन बहस पत्र' तयार गरिनेछ । सरकारले अघि सारेका शासकीय सुधारका एक सय कार्यसूचीलाई पूर्ण

क्रमशः अन्तिम पृष्ठमा

# प्रतिनिधिसभामा प्रचण्ड

## 'जनयुद्धकै ढोकाबाट उत्पीडित समुदायबाट सांसद र मन्त्रीहरू', 'शान्ति प्रक्रियाको पूर्णता वर्तमान सरकारकै जिम्मेवारी'

**काठमाडौं ।** जनआन्दोलन २०६२/६३ यता करिव दुई दशकसम्म सामान्यतः समग्र राजनीतिक रङ्गमञ्च र विशेषतः संसदीय फाँट एवम् सत्तावृत्तमा निरन्तर केन्द्रीय भूमिका र आकर्षणमा रहँदै आएका तत्कालीन माओवादी अध्यक्ष एवम् वर्तमान नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' अहिलेको संसदमा भने करिवकरिव ओझेलमै रहने स्थितिमा पुगेका छन् । गतवर्ष भदौको विध्वंस र रहस्यमय राजनीतिक परिघटनापछि आयोजित २१ फागुनको प्रतिनिधिसभा निर्वाचनबाट चौथो शक्तिमा खुम्चिएको नेकपाका संयोजक प्रचण्डले संसदमा समेत विरलै मात्र सम्बोधन गर्ने गरेका छन् । २९ वैशाखमा उनले प्रतिनिधिसभालाई सम्बोधन गरे; र, पूर्वप्रधानमन्त्री प्रचण्डले गरेको वर्तमान संसदकै पहिलो सम्बोधनलाई सर्वत्र चासोका साथ हेरिएको छ । यस्तो छ उनको निजी सचिवालयले जनजिब्रोलाई लिखित रूपमा उपलब्ध गराएको प्रचण्डको सम्बोधनको पूर्णपाठः

**सम्मानीय सभामुख महोदय,**

जेनजी आन्दोलनपछिको नयाँ र असाधारण परिवेशमा सम्पन्न निर्वाचनवाट पूर्व प्रधानमन्त्रीहरूमध्ये एक्लै निर्वाचित भएर आज यो प्रतिनिधिसभाको बैठकको रोष्ट्रममा उभिँदा मलाई केही असहज, केही गर्वसहित चुनौतीपूर्ण जिम्मेवारी महशुस भइरहेको छ । यस सन्दर्भमा मलाई निर्वाचित गर्ने रुकुम पूर्वका र हामी सबैलाई विजय गराउनु हुने आम नेपाली जनताप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछु । जनताबाट निर्वाचित भएर आउनुभएका सबै माननीय सदस्यहरूलाइ हार्दिक बधाई र शुभकामना छ । हिजो सत्ता र प्रतिपक्ष दुवै भूमिकामा सहकार्य गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले यो निर्वाचनमा झण्डै दुई तिहाईको सफलता पाएको छ । त्यसका लागि सभापति माननीय रवि लामिछाने र सम्माननीय प्रधानमन्त्री बालेन्द्र शाहलाई मेरो विशेष बधाइ छ ।

प्रतिनिधि सभाको यो नयाँ भवनमा उभिएर सम्बोधन गर्दा मेरो स्मृतिमा इतिहासका क्रान्तिकालीन दिनहरूको याद आइरहेको छ । बाहिरबाट हेर्दा यो भवन सिमेन्ट इँट र फलामले बनेको छ तर यसको अन्तर्यमा हजारौं सहीदको बलिदान रहेको छ । हरेक वर्ग, वर्ण, जाति, लिंग र समुदायको प्रतिनिधित्व भएको यो इन्द्रेणी संसदका लागि हिजो हामीले बन्दुक उठायौं, आन्दोलन गर्‍यौं । हजारौंले शहादत वरण गर्नुभयो । यो भवनको जगमा त्यही शहादत छ । यसका हरेक भित्ता बलिदानले रंगिएका छन् । म इतिहासका ती सबै, सशस्त्र र शान्तिपूर्ण आन्दोलन एवं पछिल्लो 'जेन-जी' आन्दोलनसम्मका सहीद, बेपत्ता,
घाइते योद्धा र अभियानकर्मीहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । उहाँहरूको परिवारजनप्रति श्रद्धा र सम्मान प्रकट गर्दछु । मलाई लाग्छ, त्यो महान वलिदानलाई बिर्सेको दिन यो भवन आफैं ढल्नेछ । निर्वाचन परिणामको हिसाबले निकै खुम्चिए पनि यो निर्वाचनका पक्षमा वातावरण बनाउन हाम्रो दलले खेलेको भूमिका नवनिर्वाचित सबै माननीय सदस्यहरूलाई अवगत नै होला भन्ने म ठान्दछु । परिणामका दृष्टिले सानो ठूलो जो-जे सुकै भएपनि संघीय लोकतान्त्रिक गणतन्त्र अन्तर्गतको यो प्रतिनिधि सभामा महिला दलित, आदिवासी, जनजाति, मधेसी, मुश्लिम, थारु, उपेक्षित उत्पीडित समुदाय र वर्गको इन्द्रधनुषी प्रतिनिधित्व मेरा लागि पार्टीको विजय भन्दा महत्वपूर्ण छ, महत्वपूर्ण रहनेछ ।

तपाईंहरूमध्ये धेरैजसो सदस्य नयाँ हुनहुन्छ । आज जस्तो समावेशी र समानुपातिक प्रतिनिधित्व हिजो थिएन । प्रजातन्त्र आइसकेको भनिएको ०४८ सालको आम निर्वाचनपछिको संसदमा

क्रमशः अन्तिम पृष्ठमा

# क्रान्तिकारी भूमिसुधार : मार्क्सवादी दृष्टिकोण

**समय सन्देश**

सुदीप श्रेष्ठ

**"भूस्वामित्व सम्पूर्ण सम्पदाको मूल स्रोत हो, र यो एउटा यस्तो विशाल समस्या भएको छ जसको समाधानमा श्रमजिवी वर्गको भविष्य निहित हुन्छ ।" -कार्ल मार्क्स**

के एक्काईसौं शताब्दीको दुई दशक पुरा गर्न लाग्दा पनि भूमिसुधारको सवाल विगतमा झैं उतिकै महत्त्वको छ त ? यस लेखमा सामाजिक रुपान्तरणमा क्रान्तिकारी भूमिसुधारको विकासक्रम तथा उत्पत्तिको विशेषतः चर्चा गरिएको छ । यस अन्तर्गत मानिसको जीवनमा भूमि र कृषिको महत्त्व, क्रान्तिकारी भूमिसुधारको मुख्य उद्देश्य तथा सैद्धान्तिक आधारहरु, एवं ऐतिहासिकतामा सर्वहारा, किसान र क्रान्तिकारी भूमिसुधार बारे विश्लेषण गरिएको छ ।

मार्क्सवादीहरुले इतिहासको चालक शक्तिको रुपमा सर्वहारा वर्गलाई मानिआएकोमा कसरी कृषि सम्बन्धि प्रश्न (Agrarian Question) र कृषि क्रान्तिको सन्दर्भमा किसानहरु सर्वहाराको मित्र शक्तिको रुपमा मात्र नभई निर्णायक भूमिका निर्वाह गर्ने स्थानमा स्थापित हुँदै गए भन्नेबारेमा मार्क्सवादीहरु बीच चलेको बहसको संक्षिप्त चर्चा गरिएको छ । अनि वामपन्थीहरुले भन्ने गरेको 'जसको जोत, उसको पोत' (Land to the tiller) नाराको उद्गम र त्यसको पृष्ठभूमिमा रहेको सैद्धान्तिक पक्षहरुबारे मार्क्सवादी दृष्टिकोणबाट विश्लेष गर्दै लेनिनले कसरी रूसी क्रान्तिका विभिन्न चरणहरुमा क्रान्तिकारी भूमिसुधारको विभिन्न रुपहरु–'जसको जोत, उसको पोत' देखि 'भूमिको राष्ट्रियकरण' सम्मलाई स्थापित गरे र महान् अक्टोबर क्रान्तिले भूमिको प्रश्नलाई कति महत्त्वपूर्ण र स्पष्टताका साथ उजागर

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ४१, जेठ ८ गते शुक्रबार, २०८३

**सम्पादकीय**

# सके अगाडि जाऊ, नसके पछाडि चाहिँ नहट

प्रतिनिधिसभामा दुईतिहाई नजिक रहेको राष्ट्रिय स्वतन्त्र पार्टी र उक्त पार्टी तथा त्यसको संसदीय सङ्ख्याको आवरणमा रहेर आ-आफ्नै दूनो सोझ्याउन तल्लिन खुला र छद्म तत्त्वहरू यथासम्भव संविधान संशोधन गरेर आ-आफ्ना उद्देश्य पूरा गर्ने जमर्को गरिरहेका छन् । वर्तमान संसदीय सन्तुलनको सन्दर्भमा आमजनताले आशङ्का गरिरहेका छन्- संविधान संशोधन र राजनीतिक परिवर्तनका नाममा कतै प्रतिगमन गर्ने दुष्प्रयास त हुँदै छैन ?

आफ्नो कुनै पनि राजनीतिक विचारधारा, दर्शन, मूल्य-मान्यता, इतिहास र परम्परा नभएको अनि विगतकै पञ्च, काङ्ग्रेस, एमाले र माओवादीमा स्वार्थ पूरा गरिसकेर वा अपेक्षाकृत स्वार्थपूर्ति गर्ने अवसर नपाएर जम्मा भएका प्रायः मान्छेहरूबाट बनेको वर्तमान सत्ताधारी पार्टीले के गर्दैछ, कता जाँदैछ र सरकारमार्फत के-कस्ता नीति र निर्णय लागू गर्दैछ भन्नेजस्ता आधारभूत पक्षहरू नै अन्योलग्रस्त छन् । कहिले शासन प्रशासनका कुनै पनि निकायमा राजनीतिक आस्थायुक्त मान्छे हुनुहुँदैन र राखिँदैन भन्ने त कहिले ट्रेड युनियन र विद्यार्थी सङ्गठनजस्ता संविधानप्रदत्त मौलिक हककै अपहरण गर्न हर्कत गर्ने अनि कहिले स्थानीय तहलाई निर्दलीय बनाइन्छ त कहिले प्रत्यक्ष कार्यकारी निर्वाचनको व्यवस्था मिलाइन्छ भन्नेजस्ता सिद्धान्तहीन, मूल्यहीन र आदर्शहीन प्रचारबाजीमा रमाइरहेको देख्दा यिनले संविधान संशोधन गर्न सके भने त्यस्तो संशोधनले मुलुकलाई अग्रगमनतिर लाने नभई प्रतिगमनतिरै धकेल्ने निश्चितप्रायः देखिँदैछ ।

अतः सवैले, सर्वत्र खबरदारी गर्नुपर्ने भएको छ- संविधान संशोधनमार्फत सक्छौ भने देशलाई अग्रगमनतिर लैजाऊ । यदि त्यसो गर्न सक्दैनौ भने खबरदार ! प्रतिगमनतर्फ चाहिँ नधकेल !

# क्रान्तिकारी भूमिसुधार...

गर्‍यो भन्ने कुरा देखाइएको छ । यो लेखमा क्रान्तिकारी क्रान्तिकारी भूमिसुधारको विकासक्रमदेखि यसको उत्पत्तिको समय अर्थात् रूसी अक्टोबर समाजवादी क्रान्तिसम्मको मात्र विश्लेषण गरिएको छ । यहाँ नेपाल कम्युनिस्ट पार्टी स्थापना (२२ अप्रिल १९४९) पछिको पहिलो पर्चा र सो पार्टीको पहिलो घोषणापत्र (१५ सेप्टेम्बर १९४९) मा उल्लेखित क्रान्तिकारी भूमिसुधारको माँगको नाराको मात्र उल्लेख गरिएको छ ।

**भूमि, कृषि र जीवन**

भूमि मानिसको जीवनको आधार हो । फ्रेडरिक एंगेल्स (१८४४, १८७२) ले 'इंगलैण्डमा मजदूर वर्गको अवस्था, १८४४' र 'आवासको समस्या' (१८७२) मा मानिस कसरी आवासको साथै 'गरिबीको दुश्चक्र'बाट गुज्रिनु परेको हुन्छ भनि मार्मिक चित्र प्रस्तुत गरेका छन् । समाज जब सानो मात्राको उत्पादन सम्बन्ध एवं पुरानो संस्कृतिबाट औद्योगिकरण एवं शहरीकरण हुँदै नयां सांस्कृतिक परिवेशमा रूपान्तरण हुन थाल्दछ तब कृषि एवं औद्योगिक सर्वहारा वर्गमात्र होइन, निम्न×पुँजीपति तथा मध्यम वर्ग पनि यसबाट पीडित हुन्छन् ।

सामन्ती समाजमा भूमि तथा जागीरदारहरु (Vassals) को लागि सामन्तहरु (Lords) तीब्र प्रतिस्पर्धा गर्दथे किनभने यो नै उनीहरूको शक्ति र प्रतिष्ठाको आधार हुन्थ्यो । यो प्रतिस्पर्धा झट्ट हेर्दा पुँजीवादमा मुनाफको लागि गरिने प्रतिस्पर्धाभैं लाग्छ । तर त्यसको प्रवृतिगत परिणाम भने फरक हुन्छ । जुन प्रतिस्पर्धाले पुँजीवादमा उत्पादनका पद्यतीहरूमा क्रान्तिकारी परिवर्तन गर्छ, त्यही प्रतिस्पर्धाले सामन्तवादी समाजमा कमोबेस बारम्बार युद्ध निम्त्याइरहेको हुन्छ । परिणामस्वरूप, जीवन र सम्पत्ति माथि निरन्तर असुरक्षाको भय उत्पन्न हुन्छ, उत्पादन पद्धतिहरूमा क्रान्तिकारी परिवर्तन हुनुको साटो सामन्त र जागीरदारहरु वीच बढ्दो परनिर्भरताले गर्दा सामन्ती सम्बन्धको आधारभूत संरचना अझ बलियो हुन्छ । सामन्ती युद्धले समाजलाई अस्थिर, दरिद्र र कमजोर बनाए पनि यसमा समाज रूपान्तरणको प्रवृति भने हुँदैन (स्वीजी, १९४२, पृ. ३५) ।

भूमि कृषिको आधार, अनि कृषि जीवनको । डेविड पिमेन्टेल तथा मार्सिया एच. पिमेन्टेलले आफ्नो पुस्तक खाद्य, ऊर्जा र समाज (सन् २००८) मा खाद्य तथा कृषि संगठनका अनुसार ऊर्जाभैं उब्जाऊ भूमि पनि खाद्य उत्पादनको एक अत्यन्त महत्त्वपूर्ण स्रोत हो जसबाट सबै खाद्यान्न (क्यालोरी) को ९९.९ प्रतिशत मात्रा प्राप्त हुन्छ भनि उल्लेख गरेका छन् (पृ. xvii) ।

आदिम कृषिको विकास झण्डै १० हजार वर्षअघिदेखि शुरु भएको हो । यसको लागि मानिसहरूले कृषि-भूमि र चरन क्षेत्रहरूबाट रूख र झाडीहरु सफा गर्न त्यसमा आगो लगाउँथे । कृषिको यो आदिम रूपलाई "छाँट्ने र जलाउँने" कृषि (Slash and burn agriculture) भनिन्छ (उही, पृ. ३) । अहिले विश्वमा १.५ अर्ब हेक्टर उब्जाऊ भूमि उपलब्ध छ । विश्व जनसंख्या ६.५ अर्ब (सन् २००८) लाई आधार बनाउँदा प्रतिव्यक्तिको लागि ०.२३ हेक्टर भूमि पर्न आउँछ । ३० करोड अमेरिकी जनताको लागि १६ करोड हेक्टरमा कृषिवाली लगाइन्छ जुन प्रतिव्यक्ति ०.५ हेक्टर हुन्छ । खासमा प्रत्येक अमेरिकी जनताको लागि ०.४ हेक्टर भूमि पर्याप्त हुने हुँदा २० प्रतिशत वाली निर्यात गरिन्छ । यदि अमेरिकी स्तरको उच्च प्रोटिन/क्यालोरी युक्त आहारको चाहना गर्ने हो भने कम्तिमा प्रतिव्यक्ति ०.५ हेक्टर भूमि आवश्यक पर्छ । यसको लागि विशाल उब्जाऊ भूमिमात्र होइन अमेरिकी स्तरको उच्च प्रविधि र ऊर्जाको आवश्यकता पर्दछ, जसको सर्वथा अभाव छ । यसले भूमिको सीमिततालाई दर्शाउँछ (उही, पृ. ३६४) ।

विगत ५० वर्षभन्दा कम समयमा विश्व जनसंख्या दोब्बर भएको छ । राजनीतिक संघर्ष बढ्दो छ । विश्व खाद्यान्न आपूर्तिमा कमि आएको छ । फलतः अधिकांश व्यक्तिहरु भोकमरी र कुपोषणको सामना गरिरहेका छन् । विश्व स्वास्थ्य संगठनका अनुसार विश्वको झण्डै आधाभन्दा बढी अर्थात् ३.७ अर्ब जनसंख्या (सन् २००८ को आधारमा) कुपोषणका शिकार भएका छन् । यस्तो अवस्थामा अझ बढी खेतीयोग्य भूमि र त्यसको संरक्षणको आवश्यकता पर्दछ । तर भूक्षयको कारण १० देखि ३० गुणा बेगले मूल्यवान उब्जाऊ माटोको नाश भएको छ । यस वातावरणीय प्रभावले उब्जनीमा ह्रास आएको छ, रसायनिक मल र कीटनाशक (जैविक ऊर्जामा आधारित) औषधिहरु बढी प्रयोग भएको छ । कृषि-भूमिको स्रोत, निःसन्देह, प्रति व्यक्तिको आधारमा कम भइरहेको छ । अहिले विश्व जनसंख्यालाई विविध आहारको लागि चाहिने कृषि-भूमिको उपलब्धता आवश्यकताभन्दा आधा भएको छ । ऊर्जा, पानी र जैविक स्रोतहरूमाथि ठूलो संकट आएको छ । एक्काईसौं शताब्दीमा विश्वका स्रोतहरूको वातावरणीय अखण्डता तथा शुद्धतामा चुनौती थपिएकाले धेरैजसो प्रजातिहरु विनाशको संघारमा पुगेका छन् (उही, पृ. xvii-xviii) ।

**क्रान्तिकारी भूमिसुधारको मुख्य उद्देश्य**

भूमिसुधारका धेरै आयामहरु छन् । तर त्यसलाई मुख्य रूपमा दुई पाटोमा छुट्याएर हेर्न सकिन्छ । पहिलो हो भूमिमाथिको अधिकार र दोस्रो, कृषि प्रणालीको विकास (जैन, १९८५; ग्रिफिन, खान र इकविज, २००२; झा, २००२, लिप्टन, २००९; बस्नेत आयोग, वि.सं. २०६७) । यी दुबै एकअर्कामा अन्तर्निहित छन् ।

भूमिमाथिको भूस्वामीहरूको पुख्र्यौली एकाधिकारले, मार्क्सको भाषामा, 'निरपेक्ष भूमि लगान' (Absolute Ground Rent) को सिर्जना गर्छ । यसले लगानीमा बाधा पुऱ्याउँछ । फलस्वरूप, उच्च प्रविधिको प्रयोग हुन पाउँदैन र उत्पादनमा बृद्धि हुँदैन । यस किसिमको अवस्थालाई डेनियल थोर्नरको शब्द सापट लिंदै उत्सा पटनायक 'दुःख-कस्टमा आधारित' (built-in depressor) जटिल कृषि सम्बन्ध (agrarian relation) को संज्ञा दिन्छन् जहाँ सामन्तहरूको चासो किसानले उत्पादन गरेको अतिरिक्त उपजसंगमात्र हुन्छ; सुदखोरी र दरिद्रता वीचको किसानहरूको दिनहीन अवस्थाको जगमा फजूल खर्ची सामन्तहरूको सुखसयलको महल ठडिएको हुन्छ (मार्क्स, १८९४, पृ. ७६२; पटनायक २००१, पृ. १७; पटनायक २००७, पृ. १७, ४२ र ४६-४७) ।

भूमिको एकाधिकारले लगानीमा मूलतः तीन किसिमले अवरोध पुऱ्याइरहेको हुन्छ । पहिलो, किसानहरूलाई सधैं यो डरले सताइरहेको हुन्छ कि उनीहरूले भूमिमा जे जति लगानी गरेर माटोलाई उर्वरायुक्त बनाएको हुन्छ, त्यो माटो लीजको सकिएको भोलिपल्ट अन्ततः भूमिपतिहरूकै हातमा जान्छ । दोस्रो, किसानहरूले लीज सकिनु अघि आफ्नो लगानीको सम्पूर्ण प्रतिफल पाउन सक्दैनन् (कोज्लोभ, १९७७, पृ. २६८) । यसको अतिरिक्त, जब भूमिको लीज समाप्तीको बेला आउँछ, त्यसको नवीकाण गर्दा किसानहरूले आफैले उन्नत बनाएको माटोको लगान भूमिस्वामीहरूले बढाई दिंदा बढी लगान तिर्नुपर्छ (स्मिथ १७७६, पृ.१९९)। त्यसैले, कृषि लगानीमा नयाँ प्रविधिहरूको प्रयोगमा बाधा अड्चन सिर्जना हुन्छ ।

क्रान्तिकारी भूमिसुधारको वास्तविक उद्देश्य भूमिमाथि रहेको सामन्तहरुको त्यही पुख्र्यौली एकाधिकारलाई तोड्नु र वास्तविक जोताहाहरु बीच परम्परागत भूस्वामित्वमा आमूल परिवर्तन हुने गरी बाँडफाँड गर्नु हो । यसले गर्दा किसानहरूले भूमिको लगान तिर्नु पर्दैन । त्यो लगान जुन सामन्तहरूले विलासी जीवनको लागि खर्च गरिरहेका हुन्छन्, अब त्यो किसानहरूको आम्दानीको रूपमा रहन्छ, र जसको पुनः लगानी भूमिमा हुने सम्भावना बढी हुन्छ । परिणामस्वरूप, भूमिको उत्पादकत्वमा बृद्धि हुन्छ । यही 'भूमि लगान' नै सामन्तवाद विरोधी ऐतिहासिक क्रान्तिहरूको मूल चालक शक्ति (Driving Force) हो (पटनायक २००७, पृ. १६) ।

**ऐतिहासिकतामा सर्वहारा, किसान र क्रान्तिकारी भूमिसुधार**

**१. कम्युनिस्ट घोषणापत्रमा भूमिसुधार एवं सर्वहारा तथा किसानको भूमिका**

एघारौं शताब्दीपछि विभिन्न आन्तरिक तथा बाह्य कारणले गर्दा पश्चिमी युरोपीय सामन्ती समाजमा प्रगति देखिएको थियो । तर १४ औं र १५ औं शताब्दीमा अतिरिक्त बचत बसुल गर्ने भूस्वामीहरूको नीति विरूद्ध गरिएको किसान प्रतिरोधको सफलताले इतिहासलाई नयाँ मोड प्रदान गऱ्यो (हिल्टन १९७६, पृ. २६-२७) । आदिम संचयको अवस्थामा नै विजारोपित भएको पुँजीवादले १४औं वा १५ औं शताब्दी पछिमात्र सामन्ती व्यवस्थाको जरो हल्लाउँदै भूमध्यसागर क्षेत्रबाट छिटफुट रूपमा आफ्नो लामो विकासक्रमको पहिलो पाइला चाल्यो । र, १६ औं शताब्दीबाटमात्र पुँजीवादी युगको आरम्भ भयो (मार्क्स १८६७, पृ. ६६७–६६९) ।

मार्क्सले पूँजी, उनको कालजयी पुस्तक, को पहिलो भाग (१८६७) मा पुँजीको उत्पादन प्रक्रियाको विश्लेषण गर्दै भनेका थिए - पुँजीवाद वस्तु तथा अतिरिक्त मूल्यको उत्पादनको निरन्तरता मात्र होइन, बरु त्यो पुँजीपति र ज्यालादारी मजदुर वर्गको रूपमा पुँजीवादी उत्पादन सम्बन्धको पुनर्उत्पादन पनि हो (पृ. ५४२) । यसले एउटा ध्रुवमा वैभव थुपार्छ भने अर्को विपरित ध्रुवमा निराशा र दरिद्रता (उही, पृ. ६०४) । त्यसैले पुँजीवादी दासताबाट मुक्तभई वैज्ञानिक समाजवादको स्थापना गर्न मजदुर वर्गलाई 'कम्युनिस्ट घोषणापत्र'ले आह्वान गर्दै भन्यो × वर्गसंघर्षको इतिहासमा मजदुर वर्गसंग गुमाउनका लागि सिक्रीबाहेक केही छैन, जित्नका लागि सारा संसार छ (मार्क्स र एंगेल्स, १८४८, पृ.३२, ७७) ।

घोषणापत्रमा मजदूर वर्गको क्रान्तिको मुख्य कार्यभार जनवादको लडाईं जित्न सर्वहारा वर्गलाई शासक वर्गको स्थानमा स्थापित गर्नु हो भनियो । क्रान्तिका लागि अपनाइने विभिन्न उपायहरु विभिन्न देशहरु अनुसार फरक भए तापनि अति सम्मुन्नत देशहरूको लागि आम रूपमा दशवटा उपायहरु सुझाइयो । यी दशवटा उपायहरूमध्ये पाँचवटा (बुँदा नं १, ३, ७, ८ र ९) उपायहरु भूमि र कृषिको उपयोगसंग सम्बन्धित छन् । कार्यक्रमको पहिलो बुँदामा भूस्वामित्वको उन्मूलन र सार्वजनिक कार्यको लागि लगान (Rent) को प्रयोग, तेस्रो बुँदामा उत्तराधिकारको सबै अधिकारहरूको खारेजी, सातौंमा पर्ती जग्गाको खेतीमा प्रयोग र माटोमा सुधार, आठौंमा कृषिको निम्ति 'औद्योगिक सेना'को स्थापना र अन्तिममा कृषिलाई उद्योगसँग एकीकृत गर्दै देशमा जनताहरूको अधिक समान समायोजन गरेर गाउँ र शहर वीचको खाडललाई क्रमशः कम गर्दै जानु पर्नेबारे उल्लेख गरिएको छ (उही, पृ. ५९-६०) ।

यसरी *घोषणापत्र*मा भूमिसुधार शब्द उल्लेख नगरीकनै यो लेखको प्रारम्भमा भनिएभैं भूमिसुधारको मुख्य दुई पाटो 'भूमिमाथिको अधिकार' र 'कृषि प्रणालीको सुधार'को स्पष्टसंग उल्लेख गरिएको पाईन्छ । सर्वहारा वर्गको नेतृत्वमा पुँजीवादबाट समाजवाद तर्फको यात्रामा, ई.एच. कार (१९५२) ले भनेभैं, मार्क्स र ऐंगेल्सले उत्पादनको विशाल क्षेत्र ओगटेको कृषि पनि उद्योगभैं 'समाजवादको एक मुख्य आधार' हुने कुराको विश्वास कहिल्यै त्यागेका थिएनन् (पृ.३८७) । फरक यति हो, हिजोआज भूमिसुधारको कुरा गर्दा यो प्रत्यक्ष रूपमा किसानको समस्यासंग जोडिएर आउँछ, जबकी *घोषणापत्र*मा त्यसलाई मजदुर वर्गसंग जोडिएको थियो । त्यसको कारण यस्तो छः मार्क्सको धारणा अंग्रेजी समाजको जस्तो पूँजीवादको स्थापना (capitalism from above) रहेको हुँदा (बायर्स, १९९६, पृ. २०) उनले पुँजीवाद विरूद्धको संघर्ष र समाजवादको स्थापनामा मजदुरहरूको भूमिकालाई क्रान्तिकारी र सानाकिसानहरूको भूमिकालाई प्रतिक्रान्तिकारी देखे । औद्योगीकरण मारमा साना किसानहरु सर्वहारा वर्गमा परिणत हुँदै जाने हुँदा आफ्नो अस्तित्त्व जोगाउनको लागिमात्र उनीहरु पुँजीपति वर्गसंग लड्छन् । वास्तवमा यिनको चरित्र निम्नमध्यम वर्ग, सानो उत्पादनकर्ता, पसले र कारीगरहरु जस्तै मध्यम वर्गीय हुन्छ (मार्क्स र एंगेल्स, १८४८, पृ. ४५-४६) । यही कारणले नै मार्क्स (१८५२) ले 'अठारौं ब्रुमर' मा तिनीहरुको चरित्रको तुलना 'बोरामा भरिएको आलु' सँग गरेका हुन् (पृ. १०६) ।

हुन त सन् १८४८ को युरोपिय क्रान्तिको दौरान किसानहरूले देखाएको व्यवहारले गर्दा नै उनीहरूप्रति नकारात्मक धारणा बनेको थियो । तथापी, किसानहरूको चरित्र पुरै प्रतिक्रियावादी हुँदैनन् । उनीहरु 'छातीभित्र दुईवटा आत्मा' (two souls in the breast of the peasant) हुन्छन्; एउटा पुँजीपतिहरूको विरुद्धको संघर्षको दौरान देखाइने निम्न पुँजीवादी चरित्र र अर्को आफै सर्वहाराकृत हुने हुँदा समाजवादीहरु प्रति शत्रुतापूर्ण व्यवहार प्रदर्शन नगरी उनीहरूको आन्दोलनमा सामेल हुने क्रान्तिकारी चरित्र । किसानहरूको यही द्वैद्ध चरित्रले गर्दा नै आउँदो समाजवादी क्रान्तिमा उनीलाई कुनै सक्रिय भुमिका नतोकी तत्कालीन युरोपीय समाजवादीद्वारा उनीहरुप्रति तटस्थ नीति अपनाइएको थियो (अलभी र शानिन १९९८, पृ. xviii) ।

भूमि, किसान र कृषि समस्या बारेको राजनीतिक बहस र कार्यक्रमको कुरा फ्रान्स र जर्मनीमा मात्र सीमित नरही बेल्जीयम, इटाली, र डेन, र यहाँसम्म कि रूसमा पनि फैलिएको थियो । सन् १८९० को दशकमा एकै समयको हाराहारीमा दुई प्रमुख मार्क्सवादी कृतिहरु - काउत्स्कीको कृषिसम्बन्धि प्रश्न, १८९९ र लेनिनको रूसमा पूँजीवादको विकास, १८९९ - निस्कनुले यही कुराको पुस्टि गर्दछ (हुसैन र ट्राइब १९८३, पृ. १-२; लेभिन, वाट्स र हेरोङ्ग २०१८; लर्च, शाह र हेरिस-ह्वाइट २०१३) । रूसमा त यस्तोसम्मको अवस्था आयो कि किसान-जमिन्दारहरूको सम्बन्धबारेको बहसहरूले त्यहाँको जार शासनमाथि प्रतिकुल असर पर्ने देखेर सरकारले १८९० मा यस किसिमको बहसमाथि बन्देज नै लगायो । यद्यपि बहस भने जारी नै रह्यो (थोर्नर, कर्बले र स्मीथ १९६६, पृ. xii)।

आफ्नो जीवनको अन्तिम समयको झण्डै ९ महिनाअघि एंगेल्स (१८९४, नवेम्बर) द्वारा लेखिएको 'फ्रान्स र जर्मनीमा किसानको प्रश्न' ले किसानको समस्यालाई तत्कालीन राजनीतिक पृष्ठभूमिको अग्रभागमा ल्याइदियो । जताजतै युरोपका समाजवादीहरूले यो कुरालाई

क्रमशः चौथो पृष्ठमा

# आ.व. २०८३/८४ को नीति...

कार्यान्वयनको सुनिश्चितता गर्दै निरन्तरता दिइनेछ।

२. नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्न आगामी दशक औसत वास्तविक आर्थिक वृद्धि दर सात प्रतिशत पुग्ने गरी 'नयाँ चरणको आर्थिक सुधार शृंखला' अन्तर्गत वृहतकानुनी र संस्थागत सुधार गरिनेछ। उत्पादन लागत घटाउन, व्यवसाय गर्ने वातावरण सरल बनाउन, नीतिगत तथा कानुनी अवरोध हटाउन, र स्वदेशी, विदेशी तथा प्रवासी लगानी आकर्षित गर्न आर्थिक उत्प्रेरणाको आधारभूत पुनर्संरचना गरिनेछ। दीर्घकालसम्म स्थिर र पूर्वानुमानयोग्य आर्थिक नीति कायम रहने व्यवस्था गर्दै राष्ट्रिय विकास प्राथमिकता, आयोजना छनोट र कार्यान्वयनमा निरन्तरता सुनिश्चित गर्ने सक्षम संस्थागत संयन्त्र निर्माण गरिनेछ। साथै प्राथमिकताका सबै क्षेत्रको क्षेत्रगत नीति तयार गरी कार्यान्वयन गरिनेछ।

३. सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी नगदरहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्रको औपचारिकीकरण गरिनेछ। करका संरचनाको पुनरावलोकन गर्दै उद्यमी तथा मध्यम वर्गीय परिवारमाथिको बोझ घटाइनेछ। स्वेच्छिक कर अनुपालन, प्रविधिमैत्री राजस्व प्रशासन र शीघ्र कर विवाद समाधान प्रणालीमार्फत राजस्व प्रणालीलाई उद्यममैत्री बनाइनेछ।

४. विभिन्न देशसँग दोहोरो कर मुक्ति सम्झौता विस्तार गरिनेछ। प्रदूषण, पूर्वाधार र अन्य छरिएका शुल्कलाई क्रमशः एकीकृत 'हरित कर' प्रणालीमा रूपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ। भन्सार नाकामा न्यून बिजकीकरण नियन्त्रण गरिनेछ। मूल्य अभिवृद्धि लगायत सबै करको फिर्ता गर्ने प्रणाली स्वचालित र समयबद्ध बनाइनेछ।

५. सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण पालना गर्दै जोखिममा आधारित नियमन, सुपरीवेक्षण र अभियोजन प्रणाली लागु गरिनेछ। सहकारी संस्थाको नियमन र प्रभावकारी व्यवस्थापन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणको क्षमता सुदृढ गरिनेछ। समस्याग्रस्त सहकारी संस्थामा रकम जम्मा गरेका बचतकर्ताको रकम फिर्ता गर्न एकीकृत बचतकर्ता सुरक्षण कोष स्थापना गरी कर्जा असुली मार्फत बचतकर्ताको रकम फिर्ता गरिनेछ। कर्जा सूचना प्रणालीलाई सुदृढ गरी अत्यधिक ऋण, मिटर ब्याज र आर्थिक अपराध नियन्त्रण गरिनेछ।

६. पुँजी बजारलाई सुरक्षित, प्रतिस्पर्धी र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास गरिनेछ। धितो पत्र नियमन, नेप्से तथा क्लियरिङ प्रणालीको पुनर्संरचना गर्दै संस्थागत लगानीकर्ता, पेन्सन कोष, बिमा, म्युचुअल फन्ड र गैर आवासीय नेपालीको सहभागिता विस्तार गरिनेछ। ऋण बजार, बन्ड बजार, पूर्वाधार बन्ड र जोखिम व्यवस्थापन उपकरण विकास गरी दीर्घकालीन पुँजी निर्माण गरिनेछ।

७. वैकल्पिक विकास वित्त, डायस्पोरा पुँजी र निजी लगानी परिचालन गरी पूर्वाधार वित्त पोषणको नयाँ मोडेल लागु गरिनेछ। वैदेशिक सहायता, ऋण र निजी क्षेत्रको लगानीलाई उच्च प्रतिफल दिने आयोजनामा केन्द्रित गरिनेछ। रूपान्तरणकारी आयोजनालाई स्पष्ट लक्ष्य, निश्चित बजेट र कडा समय सीमासहित अघि बढाइनेछ। आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता, डिजिटल प्रगति ट्र्याकिङ, जग्गा प्राप्ति र वनसम्बन्धी अवरोध समाधान गर्दै आयोजना सम्पन्न नभएसम्म प्रमुख जनशक्तिको जिम्मेवारी हेरफेर नगर्ने व्यवस्था गरिनेछ।

८. सार्वजनिक खर्चलाई परिणाममुखी बनाउँदै सार्वजनिक संस्थान सुधार, खर्च कटौती र चुस्त सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ। सार्वजनिक संस्थानको वर्गीकरण गरी गाभ्ने, निजी क्षेत्रसँग सहकार्य गर्ने, रणनीतिक साझेदार भित्र्याउने वा विनिवेश गर्ने स्पष्ट नीति लागु गरिनेछ।

९. 'सीमारहित अर्थतन्त्र' र 'तौलरहित व्यापार' लाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा आत्मसात गर्दै सूचना प्रविधिमा आधारित सेवा निर्यात, जलविद्युत्, पर्यटन र उच्च मूल्यका कृषि तथा हरित औद्योगिकीकरणलाई आर्थिक रूपान्तरणका प्रमुख आधार क्षेत्रका रूपमा विकास गरिनेछ।

१०. श्रम-निर्यातमा निर्भर अर्थतन्त्रलाई ज्ञान, सेवा, डिजिटल व्यापार, रिमोट वर्क र मूल्य अभिवृद्धि हुने सेवामुखी अर्थतन्त्रमा रूपान्तरण गरिनेछ। अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेलाई कानुनी मान्यता दिई विदेशी मुद्रा आर्जन र कर व्यवस्थापनलाई सहज बनाइनेछ। निर्यात प्रतिस्पर्धात्मकता अभिवृद्धि, बजार विविवधीकरण, एकीकृत व्यापार रणनीति र औद्योगिक लजिष्टिक गुरुयोजना कार्यान्वयन गरिनेछ।

११. सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरी सफ्टवेयर, डिजिटल सेवा, क्लाउड सेवा, साइबर सुरक्षा, हरित कम्प्युटिङ र एआई कम्प्युटेशन निर्यातलाई प्रवर्धन गरिनेछ। डिजिटल पार्क, उच्च क्षमताका डेटा सेन्टर र सार्वजनिक डिजिटल पूर्वाधार विकास गरी नेपाललाई टेक हबका रूपमा अघि बढाइनेछ। सूचना प्रविधि निर्यात उद्योगलाई वित्तीय सहुलियत, लगानी सहजीकरण, सरकारी सह लगानी सहित अनुसन्धान तथा नवप्रवर्तन खर्चमा कर प्रोत्साहन उपलब्ध गराइनेछ।

१२. व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्म तीस दिनभित्र सम्पन्न गर्ने 'लगानी एक्सप्रेस' नीति लागु गरिनेछ। विदेशी लगानी सम्बन्धी कानून संशोधन गरी स्वचालित मार्ग विस्तार गरिनेछ। नेपाल सरकारले तोकेभन्दा माथिको लगानी गर्ने लगानीकर्तालाई 'नेपाल लगानी भिसा' उपलब्ध गराइनेछ।

१३. विशेष आर्थिक क्षेत्रहरूको विस्तार तथा साझा पूर्वाधारसहित 'औद्योगिक ग्राम' स्थापना गरिनेछ। ग्रिन गार्मेन्ट भिलेज, सूचना प्रविधि पार्क, कृषि उत्पादन केन्द्र लगायत उत्पादनमूलक तथा नवप्रवर्तनमा आधारित औद्योगिक क्षेत्रहरूको विकास गर्दै त्यस्ता क्षेत्रलाई औद्योगिक पर्यटनसँग आबद्ध गरिनेछ। 'स्टार्टअप नेपाल पोर्टल' मार्फत एकै दिनमा कम्पनी दर्ता, कर छुट, बिउ पुँजी लगायतका सेवा प्रदान गरिनेछ।

**माननीय सदस्यहरू,**

१४. ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक र उद्यमशील पेसाको रूपमा स्थापित गर्न बहुपक्षीय लगानी प्रवर्धन गरिनेछ। उत्पादन वृद्धि, लागत न्यूनीकरण, आयात प्रतिस्थापन र खाद्यान्न आत्मनिर्भरताका लागि नीतिगत सुधार, 'प्याकेजमा आधारित उत्पादन प्रणाली', यान्त्रिकीकरण, डिजिटल प्रविधि तथा एग्रिटेक मार्फत कृषि आधुनिकिकरणलाई तीव्रता दिइनेछ। विशिष्टीकृत उत्पादन क्षेत्र विकास गरी कृषि उत्पादनलाई उद्योग, प्रशोधन र बजारसँग जोड्दै वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गरिनेछ।

१५. बाली लगाउनुअघि नै प्रमुख कृषि बालीको न्यूनतम समर्थन मूल्य तोकी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। समर्थन मूल्यको कार्यान्वयन तथा भुक्तानी प्रणालीलाई डिजिटल बनाउँदै रकम सीधै किसानको बैंक खातामा जम्मा हुने व्यवस्था मिलाइनेछ। न्यूनतम समर्थन मूल्यमा कृषि उपज खरिद गर्ने निजी कम्पनी तथा सहकारीलाई सहुलियत प्रदान गरिनेछ। खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई सक्षम बनाइनेछ।

१६. सार्वजनिक-निजी साझेदारीमा कृषि कम्पनी र सञ्जाल स्थापना गरी उत्पादनपछिको क्षति न्यूनीकरण र आपूर्ति शृंखला सुदृढ गरिनेछ। गुणस्तर मापदण्ड र प्रमाणीकरण सहित विशिष्ट पहिचान गरिएका उत्पादनलाई भण्डारण, ब्रान्डिङ र बजारीकरण मार्फत निर्यात प्रवर्धन गरिनेछ। विषादीको आयात तथा प्रयोगको नियमन सुदृढ गर्न संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरिनेछ। प्रमुख कृषि उपज बजार र भन्सार बिन्दुमा विषादी जाँच गर्न अन्तर्राष्ट्रिय प्रत्यायनयुक्त प्रयोगशालाहरू विकास, विस्तार र सञ्चालन गरिनेछ।

१७. कृषियोग्य जमिन बाँझो रहने प्रवृत्तिलाई निरुत्साहित गर्दै भूमि बैंक प्रणालीमार्फत बाँझो जमिनलाई उत्पादन कार्यमा उपयोग गर्न युवा, महिला, भूमिहीन तथा साना तथा सीमान्तकृत किसानको पहुँच सुनिश्चित गरिनेछ। किसान सूचीकरण, परिचयपत्र र क्रेडिट कार्डमार्फत सहुलियत पूर्ण वित्त र प्रविधिमा पहुँच विस्तार गरिनेछ। करार खेती, सहकारी खेती र कृषि वन प्रणालीलाई प्रोत्साहन गरिनेछ।

१८. नापी र मालपोत सेवालाई एकीकरण गरी जग्गा प्रशासन सेवा चरणबद्ध रूपमा सबै स्थानीय तहमा विस्तार गरिनेछ। आधुनिक प्रविधिबाट भूमिको नाप नक्सा गरी अभिलेख अद्यावधिक गर्ने प्रकृया अगाडि बढाइनेछ। भूमिको स्वामित्व र उपयोगबीच सन्तुलन कायम हुने गरी असुरक्षित स्थानमा बसोबास गर्ने, भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या दीर्घकालिन समाधानका लागि सुरक्षित र उचित बसोबासको व्यवस्थापन गरिनेछ।

१९. माटोको स्वास्थ्य सुधार गर्न जैविक एवं प्राङ्गारिक मलमा अनुदानको व्यवस्था गर्दै जैविक विविधता संरक्षण र रैथाने बाली प्रवर्धन गरिनेछ। उत्पादनदेखि उपभोगसम्म सम्पूर्ण खाद्य प्रणालीलाई उत्थानशील बनाइनेछ। बिमा, पशु स्वास्थ्य सेवा र व्यावसायिकीकरणमार्फत पशुपालन क्षेत्र सुदृढ गरिनेछ। जलाधार संरक्षण, पर्यावरणीय कृषि प्रणाली र प्रविधिमार्फत कृषि क्षेत्रलाई हरित अर्थतन्त्रसँग जोडिनेछ।

२०. खोरेत तथा पशुपन्छीमा लाग्ने अन्य रोगको नियन्त्रणका लागि प्रदेश र स्थानीय तहसँग समन्वय गरी अभियानमुखी खोप कार्यक्रम सञ्चालन गरिनेछ। साना किसानका लागि बाली तथा पशुधन बिमाको दायरा विस्तार गरी बिमा लेख जारी, प्रिमियम अनुदान भुक्तानी र दाबी प्रक्रियालाई डिजिटल प्रणालीमा आबद्ध गरिनेछ।

**माननीय सदस्यहरू,**

२१. दिगो वन व्यवस्थापनमार्फत काठ, जडीबुटी, आयुर्वेदिक औषधि, कार्बन व्यापार, पर्यटन तथा वनमा आधारित उद्योगको विकास गरी अर्थतन्त्रमा वन क्षेत्रको योगदान अभिवृद्धि गरिनेछ। जडीबुटी प्रशोधन, मूल्य अभिवृद्धि र निर्यातलाई प्राथमिकता दिइनेछ।

२२. चरन क्षेत्र विकास, पशुपालन र वनमा आधारित जीविकोपार्जन प्रवर्द्धन गर्दै वन क्षेत्रका स्रोतहरूको वैज्ञानिक उपयोग गरिनेछ। वन क्षेत्रभित्र रहेका स्याउला, सोतर तथा मिचाहा वनस्पतिलाई स्थानीय समुदाय र निजी क्षेत्रको संलग्नतामा उपयोग गरी प्राङ्गारिक मल, ब्रिकेट र बायोचार उत्पादन प्रवर्द्धन गरिनेछ।

२३. 'नेपाल कार्बन प्राधिकरण' गठन गरी रेड-प्लस कार्यक्रम विस्तार गरिनेछ। सामुदायिक वन समूहलाई कार्बन क्रेडिटबाट प्रत्यक्ष लाभ सुनिश्चित गरिनेछ। नीतिगत सुधार मार्फत भवन निर्माण तथा उद्योगमा स्वदेशी काठको उपयोगलाई प्रोत्साहन गरिनेछ।

२४. 'वन डढेलो उच्च-सतर्कता केन्द्र' स्थापना, निरन्तर निगरानी तथा अग्नि नियन्त्रण क्षमता अभिवृद्धि गरिनेछ। ड्रोन, स्याटलाइट लगायत आधुनिक प्रविधिमार्फत डढेलो, वन अतिक्रमण तथा अवैध क्रियाकलापको रियल-टाइम निगरानी गरिनेछ।

२५. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि क्षतिपूर्ति, पूर्व सूचना प्रणाली, रोकथाम संरचना, नसबन्दी, स्थानान्तरण र वैकल्पिक बाली प्रवर्धन जस्ता उपाय कार्यान्वयन गरिनेछ। राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको वासस्थान संरक्षण गरिनेछ। चुरे क्षेत्रमा एकीकृत संरक्षण, जल पुनर्भरण तथा वैज्ञानिक उत्खनन लागु गरिनेछ।

२६. वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्ति र वनसम्बन्धी अनुमति प्रक्रियालाई इ-पोर्टल मार्फत सरलीकृत गर्दै पूर्वाधार विकास र वातावरण संरक्षणबिच सन्तुलन कायम गरिनेछ। वायु गुणस्तर सुधार, स्वच्छ प्रविधि प्रवर्धन र प्रदूषण नियन्त्रण गरिनेछ। काठमाडौं उपत्यका वायु गुणस्तर सुधार कार्ययोजना अद्यावधिक गर्दै राष्ट्रिय वायु गुणस्तर व्यवस्थापन कार्ययोजना कार्यान्वयन गरिनेछ। परम्परागत इँटा उद्योगलाई स्वच्छ प्रविधिमा रूपान्तरण गरिनेछ।

२७. वायु प्रदूषण न्यूनीकरण, जलवायु अनुकूलन र दिगो सहरी वातावरण व्यवस्थापनका लागि बहुपक्षीय समन्वयमा कार्यान्वयन प्रणाली सुदृढ गरिनेछ। सीमापार प्रदूषण नियन्त्रणका लागि द्विपक्षीय तथा क्षेत्रीय सहकार्य सुदृढ गरिनेछ।

२८. अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच वृद्धि गर्दै वन, कृषि, ऊर्जा र जैविक विविधतामा आधारित हरित अर्थतन्त्रलाई टेवा दिईनेछ। 'हरित बन्ड ढाँचा' विकास गरी जलविद्युत् लगायत हरित पूर्वाधारमा अन्तर्राष्ट्रिय सहुलियतपूर्ण वित्त आकर्षण गरिनेछ। 'नेट जिरो २०४५' प्रतिबद्धता कार्यान्वयनका लागि क्षेत्रगत लक्ष्य र समय सीमासहितको राष्ट्रिय कार्ययोजना लागु गरिनेछ।

**माननीय सदस्यहरू,**

२९. नेपालका नदीहरूलाई केवल जलस्रोत मात्र नभई सभ्यता, संस्कृति, जैविक विविधता र मानव अस्तित्वको आधारमा समेत संरक्षण गर्ने राष्ट्रिय नीति अवलम्बन गरिनेछ। धार्मिक, सांस्कृतिक, पर्यावरणीय तथा सामाजिक महत्वका नदीहरूको वैज्ञानिक अध्ययन गरिनेछ। नदीसँग जोडिएका आदिवासी समुदाय, परम्परा र आध्यात्मिक मूल्यलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गर्दै आगामी पुस्ताका लागि स्वच्छ, निरन्तर बहने नदी प्रणाली सुनिश्चित गरिनेछ। नदी बेसिनमा आधारित एकीकृत जलस्रोत व्यवस्थापन लागु गर्दै जलविद्युत, सिँचाइ, खानेपानी, पर्यटन र तल्लो तटीय लाभहरू समेट्ने बहुउद्देश्यीय आयोजना विकास गरिनेछ। आगामी दशकमा तीस हजार मेगावाट विद्युत उत्पादन लक्ष्य हासिल गर्न ऊर्जा, वन, भूमि तथा वातावरणसम्बन्धी कानून परिमार्जन गरी एकद्वार प्रणाली लागू गरिनेछ। आयोजना प्रभावित क्षेत्रका नागरिकलाई मुआब्जाको सट्टा शेयर लगानीको विकल्प प्रदान गरिनेछ।

३०. विद्युत उत्पादन, प्रसारण, वितरण र व्यापारमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गरिनेछ। ऊर्जा- आधारित उद्योग प्रवर्धन गर्दै आन्तरिक खपतमा व्यापक वृद्धि गरिनेछ। अन्तर देशीय ऊर्जा व्यापार सम्झौताहरूलाई दीर्घकालीन लगानी आकर्षित गर्ने माध्यम बनाइनेछ।

३१. राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युत प्रणाली विस्तार गरिनेछ। ग्रिन हाइड्रोजन, हरित अमोनिया तथा रासायनिक मल जस्ता रणनीतिक हरित उद्योगलाई प्रवर्धनका लागि कर-भन्सार छुट, सहुलियतपूर्ण विद्युत दर, पुँजी प्रोत्साहन र लगानीमैत्री नीति लागु गरिनेछ। साथै, यातायात क्षेत्रमा व्यावसायिक प्रयोग विस्तार गर्न ग्रिन हाइड्रोजन पूर्वाधारको सुरुवात गरिनेछ।

३२. तराई-मधेशका सिँचाइ सेवा नपुगेका क्षेत्रमा भूमिगत जलस्रोत मार्फत तथा पहाडी र हिमाली क्षेत्रका कृषियोग्य टारहरूमा लिफ्ट प्रविधि मार्फत सिँचाइ सुविधा सुनिश्चित गरिनेछ। ठुला सिँचाइ प्रणालीको आधुनिकीकरण, मर्मत सम्भार तथा पुनर्स्थापना गर्दै उपभोक्ता सहभागितामा आधारित दिगो व्यवस्थापन प्रणाली विकास गरिनेछ। स्वचालित जल तथा मौसम केन्द्रको विस्तार गरी पूर्वानुमान प्रणाली सुदृढ गरिनेछ। बहु प्रकोप पूर्व सूचना प्रणालीलाई सुदृढ गरी थप विश्वसनीय बनाइनेछ।

**माननीय सदस्यहरू,**

३३. औद्योगिक नीति, २०६७ परिमार्जन गरी नयाँ 'राष्ट्रिय औद्योगिक नीति' तर्जुमा गरिनेछ। स्टार्टअप, लघु, साना तथा मझौला उद्यमलाई वित्त, प्रविधि, बजार र क्षमता विकासमा एकीकृत पहुँच उपलब्ध गराउन 'राष्ट्रिय उद्यम प्रवर्धन सुविधा' स्थापना गरिनेछ। नेपाल व्यापार एकीकृत रणनीति र व्यापार घाटा न्यूनीकरण कार्य योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

३४. लगानीका क्षेत्र विस्तार गर्दै सार्वजनिक निजी साझेदारीमार्फत परियोजना पाइपलाइन तयार गरी लगानी जोखिम बाँडफाँट र सम्झौता ढाँचा स्पष्ट गरिनेछ। महिलाले नेतृत्व गरेका उद्यमलाई बजारमुखी बनाउन 'महिला उद्यमशीलता विकास रणनीति' तर्जुमा गरिनेछ। श्रम प्रधान, निर्यात सम्भावना भएका कृषि प्रशोधन, पर्यटन सेवा, हलुका उत्पादन र प्रविधिमा आधारित उद्योगको विस्तारका लागि 'रोजगारी आबद्ध उत्पादन क्षेत्र' स्थापना गरिनेछ।

३५. खनिज तथा खानी क्षेत्रलाई आर्थिक वृद्धिको आधारको रूपमा विकास गर्न नीतिगत, कानुनी र संस्थागत सुधार गरिनेछ। ढुंगा, गिट्टी, बालुवा लगायत निर्माण सामग्रीको दिगो उपयोग, पारदर्शी आपूर्ति र नियमन गरी अवैध उत्खनन तथा अनियमितता नियन्त्रण गरिनेछ।

**माननीय सदस्यहरू,**

३६. हवाई पूर्वाधार विस्तार, अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गरी भरपर्दो र प्रतिस्पर्धी हवाई सेवा विकास गरिनेछ। नागरिक उड्डयन क्षेत्रमा संरचनात्मक सुधार, निजी क्षेत्रको सहभागिता विस्तार र अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड कार्यान्वयन गरिनेछ। पर्यटक भिसा सेवालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरिनेछ। अन्तर्राष्ट्रिय विमानस्थलमा ई-गेट प्रणाली जडान गरी यात्रुको प्रतीक्षा समय घटाइनेछ। गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा थप अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षण गर्न कूटनीतिक पहल गरिनेछ।

३७. अध्यागमन बिन्दुबाटै पर्यटकीय अनुमति र सेवाहरूलाई एकीकृत गर्ने एक द्वार डिजिटल पर्यटन प्रणाली लागु गरिनेछ। पर्वतीय पर्यटनको सुरक्षा, खोज तथा उद्धार प्रणालीलाई आधुनिक प्रविधिसँग जोडिनेछ। 'भिजिट नेपाल २०८५' को पूर्व तयारीका लागि पर्यटक आगमन, प्रति पर्यटक खर्च वृद्धि र बसाई अवधि बढाउने गरी अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गरिनेछ।

३८. नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न 'देवभूमि नेपाल' राष्ट्रिय अभियान सञ्चालन गरिनेछ। धार्मिक, सांस्कृतिक, आरोग्य, अध्ययन, चलचित्र, आध्यात्मिक तथा अवकाश पर्यटनको उदाउँदो गन्तव्यका रूपमा विकास गरिनेछ। आध्यात्मिक तीर्थ कूटनीति मार्फत पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ क्षेत्रको प्रवर्धन गरिनेछ।

३९. समुदायद्वारा सञ्चालित होमस्टे, स्थानीय कला, संस्कृति र परम्परालाई पर्यटनसँग जोड्दै सीमान्तकृत तथा दलित समुदायको आयआर्जन र रोजगारी प्रवर्धन गरिनेछ। जीवित संग्राहालयको अवधारणालाई कार्यान्वयन गर्दै कम्तीमा पाँच हजार नयाँ होमस्टेलाई 'नेपाल होमस्टे' ब्रान्डिङसहित बुकिङ प्लेटफर्मसँग आबद्ध गरिनेछ।

४०. नेपाललाई साहसिक पर्यटनको आकर्षक गन्तव्यको रूपमा विकास गर्न पर्वतारोहण, ट्रेकिङ, र्‍याफ्टिङ, प्याराग्लाइडिङ, बञ्जी जम्प, स्काइडाइभिङ लगायत साहसिक पर्यटन पूर्वाधार, सुरक्षा मापदण्ड र अन्तर्राष्ट्रिय प्रवर्धनलाई सुदृढ गर्दै प्रकृति, संस्कृति र समुदायमा आधारित नयाँ पर्यटन इकोसिस्टम विकास गरिनेछ। कर्णाली, सुदूरपश्चिम, मधेश र कोशी प्रदेशलाई थप प्राथमिकतामा राखी नयाँ गन्तव्यहरूको प्रवर्धन गरिनेछ। हिमाली, मध्यपहाडी र तराई क्षेत्रमा कम्तीमा दश नयाँ पदमार्ग पहिचान र प्रवर्धन गरिनेछ। नेपाल पर्यटन बोर्डलाई सार्वजनिक निजी साझेदारी मोडलमा पुनर्संरचना गरी नवप्रवर्तनशील बनाइनेछ।

**माननीय सदस्यहरू,**

४१. नयाँ राष्ट्रिय रोजगारी नीति तर्जुमा गरी सिप, शिक्षा, श्रम बजार सूचना, सामाजिक सुरक्षा र रोजगार सेवा प्रणालीलाई एकीकृत गरिनेछ। 'कमाउँदै सिक्दै' अवधारणामा आधारित राष्ट्रिय अप्रेन्टिससिप कार्यक्रम सञ्चालन गरिनेछ। नेपालमै बसेर विदेशी रोजगारदाताका लागि काम गर्न सकिने 'रिमोट वर्क नीति' को कानुनी व्यवस्था गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका युवाको सिपलाई डिजिटल 'सिप पासपोर्ट' मार्फत अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय व्यावसायिक प्रमाणीकरण उपलब्ध गराइनेछ।

४२. श्रमिकका लागि कानुनी सहायता र न्यायमा सहज पहुँच सुनिश्चित गरिनेछ। डिजिटल श्रम निरीक्षण प्रणाली लागु गरी न्यूनतम पारिश्रमिक सुनिश्चितता, कार्यस्थलमा व्यावसायिक सुरक्षा तथा स्वास्थ्यको प्रत्याभूति गरिनेछ। सरकार, रोजगारदाता र श्रमिकबीच असल श्रम सम्बन्ध विकास गर्दै राष्ट्रियस्तरको कल्याणकारी कोष प्रभावकारी रूपमा परिचालन गरिनेछ। बाल श्रम निवारणसम्बन्धी प्रतिबद्धताको कडाइका साथ कार्यान्वयन गरिनेछ।

४३. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र प्रतिफलयुक्त बनाइनेछ। अत्यधिक सेवा शुल्क र श्रम शोषणविरुद्ध कारबाही गरिनेछ। वैदेशिक रोजगारमा जानेका लागि छुट्टै लेन र सेवा उपलब्ध गराइनेछ। श्रम कूटनीति मार्फत उच्च पारिश्रमिक दिने गन्तव्यतर्फ विविवधीकरण गरिनेछ। विप्रेषणलाई उपभोगबाट उत्पादनशील लगानीमा रूपान्तरण गर्न 'विप्रेषण-लगानी मिलान कोष सञ्चालन गरिनेछ। विदेशमा मृत्यु वा अङ्गभङ्ग भएका कामदारका परिवारका लागि उद्धार र कल्याणकारी कार्यक्रम सुदृढ गरिनेछ। रिभर्स प्रवासनलाई प्रोत्साहन गर्न एकीकृत प्रोत्साहन प्याकेज ल्याइनेछ।

४४. अनौपचारिक क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्दै श्रमिकको अधिकार संरक्षण गरिनेछ। वैदेशिक रोजगारीलाई बाध्यताबाट विकल्पमा रूपान्तरण गर्न आर्थिक वर्ष २०९२/०९३ सम्म २०८३/०८४ देखि २०९२/०९३ सम्म 'रोजगार प्रवर्धन दशक' घोषणा गरी कार्यक्रम सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरू,**

४५. शिक्षालाई समता र समृद्धिको आधारका रूपमा स्थापित गरिनेछ। माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गरिनेछ। पुस्तक, दिवा खाजा र पोसाकको सहज वितरण सहित शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी तथा रोजगारमुखी बनाउँदै सबै तहको पाठ्यक्रमको समयसापेक्ष पुनरावलोकन गरिनेछ। सार्वजनिक शिक्षामा दीर्घकालीन लगानी वृद्धि गर्दै निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थालाई सेवामुखी र गुणस्तर-केन्द्रित बनाउन स्वस्थ नियमन गरिनेछ।

४६. ई-लर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री, कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ। उच्च शिक्षालाई श्रम बजारसँग आबद्ध गराउँदै विश्वविद्यालयको प्राज्ञिक तथा शासकीय पुनर्संरचना गरिनेछ। दश हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट, डिजिटल सामग्री र कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ। विद्यालय नक्सांकन, समायोजन, शिक्षक दरबन्दी मिलान, पुस्तकालय र प्रयोगशाला सुधार एकीकृत योजनामार्फत कार्यान्वयन गरिनेछ।

४७. विपन्न, सीमान्तकृत, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका तथा पिछडिएका क्षेत्रका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गरिनेछ। स्वास्थ्य, पोषण, छात्रवृत्ति, आवासीय सुविधा र सुरक्षित सिकाइ वातावरणलाई सुदृढ गरिनेछ। अटिजम तथा न्यूरोडाइभर्सिटी बालबालिकाका लागि थेरापी सेवा, असिस्टिभ टेक्नोलोजी, विशेष तालिम प्राप्त शिक्षक र समावेशी विद्यालय प्रणाली विकास गरिनेछ। सबै छात्रवृत्ति कार्यक्रमलाई योग्यतामा आधारित र डिजिटल प्रणालीमार्फत सिधै बैङ्क खातामा भुक्तानी हुने व्यवस्था मिलाइनेछ।

४८. शिक्षक नियुक्ति, पदोन्नति र मूल्याङ्कन प्रणालीलाई योग्यतामा आधारित र पारदर्शी बनाइनेछ। शिक्षकको पेसागत विकास, अभिलेख व्यवस्थापन र उचित पारिश्रमिक सुनिश्चित गरिनेछ। उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय शिक्षालाई सिकाइमुखी बनाउन पाठ्यक्रम, मूल्यांकन र प्रमाणीकरण प्रणालीको पुनरावलोकन एवम् सुधार गरिनेछ।

४९. खेलकुदलाई राष्ट्रिय एकता, स्वास्थ्य, पर्यटन र अर्थतन्त्रसँग जोड्दै विद्यालय तहदेखि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ। खेल क्षेत्रको व्यावसायिकीकरण, निजी क्षेत्रको सहभागिता र खेलाडीको सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ। राष्ट्रिय स्वयंसेवक कार्यक्रम सञ्चालन गरी डिजिटल साक्षरता, समुदाय सेवा, नवप्रवर्तन र स्थानीय विकासमा युवा परिचालन गरिनेछ।

**माननीय सदस्यहरू,**

५०. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक लगायत सबै लक्षित समूहको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणलाई उच्च

क्रमशः पाँचौं पृष्ठमा

# क्रान्तिकारी भूमिसुधार...

उठाइरहेको देखेर बुर्जुवा र प्रतिक्रियावादीहरु आश्चर्यमा परेका थिए (एंगेल्स १८९४, बर्नस्टीन २०११) । यद्यपि 'जर्मनीमा किसान युद्ध' बारे लेखिएको भूमिका (१८७४) मा उनले कृषि मजदुरहरु 'प्रतिक्रियावादी, सामन्ती, नोकारशाह वा पूँजीवादी सरकार' पल्टाउने सामर्थ्य राख्दछ भन्दै मजदुर आन्दोलनका कार्यकर्ताहरूले तिनीहरूको कमजोरी हटाई गोलबन्द गर्नुपर्छ भनि सुझाव राखिसकेका थिए (एंगेल्स १८५०) ।

### २. जर्मनी सामाजिक-जनवादी पार्टी, काउत्स्की तथा कृषिसम्बन्धि प्रश्न

यसै सन्दर्भमा जर्मनी सामाजिक-जनवादी पार्टी (SPD) को सन् १८९५ मा ब्रेस्लाउ (Breslau) मा भएको महाधिवेशनले यो मुद्दाले प्रवेश पायो । र काउत्स्कीको दृष्टिकोणले प्रमुखता पायो । हालांकी, दुईतिहाई बहुमतले कृषि कार्यक्रम अस्वीकार गऱ्यो, तर SPD पार्टीले कुनै निर्णयमा पुग्नु अघि यस विषयबारे गम्भीर रूपमा अध्ययन अनुसन्धान हुनु पर्ने निर्णय गऱ्यो । काउत्स्कीले यो निर्णयलाई गम्भीरतापूर्वक लिए । सन् १८९९मा प्रकाशित उनको पुस्तक 'कृषि सम्बन्धि प्रश्न' (The Agrarian Question) यसैको परिणाम थियो । काउत्स्कीका अनुसार तीब्र गतिमा पुँजीवादको विकास भइरहे पनि ग्रामीण क्षेत्रका किसान र कृषिको समस्या बल्झिएकै थियो । पुँजीवादी समाज अन्तर्गत पनि कृषिको प्राक-पुँजीवादी र गैर-पुँजीवादी अवस्था कायम रहँदा यसको भूमिकाको सवाल नै मूल सरोकारको विषय बनेको थियो । मार्क्स आफैले लेखि नसक्याएको र उनको जीवनपछि एंगेल्सको सम्पादनमा प्रकाशन भएको पुँजीको भाग-३ मा लगानको सम्बन्धमा मार्क्सको विलक्षण प्रस्तुति रहेपनि त्यो मूलतः पुँजीवादीमा रूपान्तरण भइ सकेको समाजको कृषिको ` कुरा थियो । जर्मनीको परिप्रेक्ष्यमा त्यो लागू हुनसक्दैनथ्यो ।(काउत्स्की १८९९, पृ. xxvii-xxviii, ३)।

यहाँ फेरि यसो पनि बुझ्नु हुँदैन कि कुनै अधिवेशनमा 'कृषि सम्बन्धि प्रश्न' (AQ) को बारेमा छलफल भएको यो नै पहिलो अवसर थियो । कृषि भूस्वामित्वको प्रश्न सन् १८६० को दशकदेखि नै मार्क्सकै पालामा पनि छलफलको विषय हुन्थ्यो । यसमा मुख्यतः भूमिको रास्ट्रियकरण सम्बन्धि बहस हुन्थ्यो । मार्क्सवादीहरु भूमिलाई उत्पादनको अन्य साधनहरु मध्ये एक ठानी यसको रास्ट्रियकरण वा सामुहिकीकरण गर्नुपर्छ भन्ने पक्षमा थिए भने प्रुधों वा म्युटुएलिस्टहरु (Mutuellistes) किसानको स्वनिर्भताको लागि भूमिको रास्ट्रियकरण नगरी यो उनीहरूसंगै हुनु पर्छ भन्ने पक्षमा । प्रुँधोपंथीहरु 'अन्तर्रास्ट्रिय'को माध्यमबाट शहरमा स्व-सहयोगी समाज (Self-help Society) निर्माण गर्न चाहन्थे भने ग्रामीण इलाकामा किसान सहकारी (Pesant Cooperatives) ।

भूमिको रास्ट्रियकरणबारे पहिलो पटक बहस सन् १८६७ को लौसान (Lausanne) अधिवेशनमा भएको थियो । त्यसको एक वर्षपछि, १८६८, मा ब्रसेल्स अधिवेशनले प्रुधोंपंथीहरूको विरोधको बावजुद भूमि व्यक्तिगत रूपमा जोताहालाई दिनुभन्दा भूमिको रास्ट्रियकरण र यसलाई लीजमा सहकारीहरूलाई दिन सकिने प्रस्ताव पास गऱ्यो । अन्ततः सन् १८६९ मा भएको बस्ले (Basle) अधिवेशनले भूमिको रास्ट्रियकरण र यसलाई लीजमा सहकारीहरूलाई दिन सकिने प्रस्तावलाई पुनः अनुमोदन गऱ्यो । तर, भूमिको सम्बन्धमा पक्ष र विपक्षमा भएका यी बहसहरूको मुख्य सरोकार अन्तर्रास्ट्रिय मजदुर संगठनको रूप र संघर्षको रणनीतिको छलफलसम्ममात्र सीमित रह्यो । ग्रामीण किसानहरूको व्यावहारिक जीवन र अन्तर्रास्ट्रिय संगठनले तत्काल गर्ने संघर्षमा यसले कुनै प्रभाव पारेको थिएन । (हुसैन र ट्राइब १९८३, पृ. १०-११) ।

युरोपको इतिहासमा सन् १८७१ मा भएको जर्मनीको एकीकरण एउटा महत्त्वपूर्ण घटना भएझैं त्यस्तै अर्को महत्त्वपूर्ण घटना सन् १८८० को दशकको उत्तरार्द्धमा जर्मनी समाजवादी जनवादी पार्टी (SPD) को अत्यन्त अस्वभाविक रूपमा तीब्रतर बृद्धि हुनु पनि थियो । यसबाट आत्तिएर विस्मार्कले संसद (Reichstag) को समर्थनमा पार्टीमाथि प्रतिबन्ध लगायो । तर, त्यसका प्रतिष्ठित नेताहरूलाई चुनाव लड्न अयोग्य घोषित गर्न सकेनन् (उही, २, ४) ।

SPD मूलतः संसदीय राजनीतिमा विश्वास राख्ने भएकोले संसदबाटै समाजवादी एजेण्डाहरु लागू गर्न खोज्थे । संसदमा आफ्नो उपस्थिति मजबुत बनाउन ग्रामीण भेगका किसान वर्गलाई आफ्नो पक्षमा पार्नु जरूरी थियो । यसो गर्न नसके एंगेल्सले भनेझैं बुर्जुवाहरूले किसानहरूको शक्तिको दुरूपयोग गर्न सक्दथे । त्यसैले कृषि सम्बन्धि प्रश्न तत्कालीन सामाजिक जनवादी पाटीहरूले सामना गरिरहेको प्रश्नहरूको एउटा संगालो थियो । यी प्रश्नहरु खासगरी निर्वाचनमा किसानहरूको मत कसरी जित्न सकिन्छ र कुन तप्काका किसानहरूलाई केको आधारमा सम्बोधन गर्ने हो भन्ने सित सम्बन्धित हुन्थ्यो । तर SPD ले ग्रामीण क्षेत्रमा गरेका राजनीतिक कार्यहरु (Landagitation), र पछि उनीहरूले त्यो कार्यलाई राजनीतिक कार्यक्रमको बहसको विषय बनाए पनि त्यसलाई कहिल्यै लागू गरेनन् । यसको मूल कारण पार्टीमा किसान र कृषि सम्बन्धि बहसको दौरान पहिलादेखि नै 'सुधारवाद' र 'संशोधनवाद' हावी हुनु थियो जसको नेतृत्व बर्नस्टीनले गर्थे (उही, १८-१९)। फलस्वरूप त्यहाँ क्रान्तिकारी भूमिसुधार देखापरेन ।

यसको अर्को मुख्य कारणे समाजवाद प्राप्तिको दिशामा क्रान्ति प्रतिको काउत्स्कीको बुझाई थियो । एकातिर उनी संसदवाद (Parliamentary Cretinism) को विरोधी थिए भने अर्कोतिर सिद्धान्ततः जन विद्रोह (Mass Strike) का समर्थक । तर उनी समाज र राज्यसत्ता परिवर्तनको लागि क्रान्तिमा सर्वहारा वर्गको संगठीत, सचेत तथा बलपूर्वक हस्तक्षेपको विरोधी थिए । उनी इतिहासको कठीन यात्राले नै समाज र राज्यसत्ता परिवर्तन हुन्छ भन्ने कुरामा विश्वास गर्थे । उनको विचारमा पार्टीको चरित्र 'क्रान्तिकारी तर क्रान्ति निर्माण नगर्ने' हुनुपर्छ भन्ने थियो (अलभी र शानिन १९९८, पृ. xxiv; बानाजी १९९०, पृ. २९४) । उलने आफ्नो पुस्तकमा तलबाट पनि पुँजीवादको विकास हुने (Capitalism from below) कुराको विश्लेषण गरे जुन भूमि, किसान र कृषि समस्याको कारण उत्पन्न हुन्छ । यो विश्लेषण मार्क्सको पुँजी भाग- ३ को प्रकाशन पछिको सर्वथा नौलो थियो । यसले पुँजीवाद कृषिबारे अध्ययन मा पुँजी भाग-३ को अभावलाई पूर्ति गऱ्यो ।

लेनिनकै शब्दमा यो काउत्स्कीको एउटा 'व्यवस्थित अध्ययन' 'महत्त्वपूर्ण योगदान' जसलाई आफ्नो पुस्तक रूसमा पुँजीवादको विकास लेख्ने दौरान हेर्न नपाएकोमा दुःखी भएको बताएका थिए (लेनिन १८९९, पृ. २६-२७, बायर्स, १९९६, पृ.२२; अक्रम-लोधी (स्रोत, इन्टरनेट वेब) ।

यस पुस्तकमा काउत्स्कीले कृषि सम्बन्धि प्रश्नको परिभाषित गर्दै अन्ततः कृषिमा पूँजीकै प्रभाव हुने भएकोले नयाँ उत्पादनका लागि उत्पादनका पुराना रूपहरूलाई असान्दर्भिक हुँदै गई कृषिमा क्रान्तिकारी परिवर्तन हुने भएकोले (काउत्स्की १८९९, पृ.१२) । त्यहाँ क्रान्तिकारी भूमिसुधार कुरा हुन सकेन । यसो हँदा किसानहरु त्यसको चालक शक्ति हुने कुरै भएन ।

### ३. नारदोनिक तथा भेरा र मार्क्सबीच पत्राचार

उता पश्चिम युरोपको पल्लो छेउ पूर्व, रूसमा सन् १८६० को दशकदेखि नारदोनिकहरु नै सक्रिय क्रान्तिकारी थिए जो जारशाहीको विरूद्धमा लडिरहेका थिए । पछि यिनीहरूले व्यक्ति हिंसाको रूप अपनाए । उनीहरूको मूल नारा 'जनता तर्फ ' (Going to the People) भन्ने थियो । यिनीहरूको उद्देश्य किसान क्रान्तिद्वारा 'मीर वा ग्रामीण कम्युन' लाई रूपान्तरण गरी–पुँजीवादको बाटो तर्फ नलागि–त्यसैको आधारमा सोझै समाजवादको निर्माण गर्नु थियो । यिनीहरूका क्रान्तिका नायक सर्वहारा नभई किसान थिए । यसको प्रमुख कारण त्यतिखेर रूसमा भूदास प्रथा कायम रहनु र पूँजीवादको विकास नहुनु थियो (कार १९५०, पृ.४-५) ।

केही नारदोनिकहरु मार्क्सबाट प्रभावित भए तापनि पुँजीवादपछि मात्र समाजवाद आउँछ भन्ने पश्चिमी युरोपमा आधारित मार्क्सको विचारसंग विमती राख्दथे । भेरा जसुलिच (१८४९-१९१९) तिनीहरूमध्ये एक थिइन् जोपछि व्यक्ति हिंसाको विरोध गर्दै नारदोनिकहरूसंग सम्बन्ध तोडेर प्लेखानोभसंगै स्वीटजरल्याण्ड निर्वासित भइन् । पछि मार्क्सवादी भइन् । त्यहाँ उनी प्लेखानोभकै अगुवाईमा सन् १८८३ मा गठित 'श्रमिक मुक्ति दल' मा रहेर नारदोनिकहरूको विरूद्ध मार्क्सवादको समर्थनमा सैद्धान्तिक लडाइँ लडिन् । त्यो थियो समाजवादी क्रान्ति पुँजीवादको बाटो हुँदै सर्वहाराको नेतृत्वमा मात्र सम्भव छ । यसको पृष्ठभूमिको कारण त्यसबखत रूसमा पुँजीवादको तीब्र गतिमा विकास र औद्योगिक हडताल शुरु हुनु थियो (उही, पृ.पृ. ४-५) । सन् १९०० को दिसम्बरमा विदेशबाट प्रकाशन भएको लेनिन सहितको 'इस्क्रा' पत्रिकाको सम्पादनमा यिनी पनि थिइन् (सीपिएसयु १९४३, पृ. ३५) । र, अन्त्यमा, मेन्सेभिक भइन् (शानिन २००९, पृ. १७८) ।

यहाँ भेराको सन्दर्भ किन उल्लेखनीय छ भने रूसी समाजवादी क्रान्तिको सन्दर्भमा उनको र मार्क्सको बीच भएको पत्राचार निकै महत्त्वको छ । किनभने त्यसले रूसको सन्दर्भमा मात्र होइन, जाज्वल्यमान आजको पुँजीवादी युगमा पनि समाजवादीहरु ले कस्तो किसिमको गैर-सर्वहारा र प्राक-पुँजीवादी समाजिक संरचनाहरूको सामना गर्दैछन्, त्यो बुझ्न पनि सहयोग मिल्नेछ (शानिन २००९, पृ. ९७) । सन् १८८१ फेब्रुअरी १६, उनले मार्क्सलाई एउटा पत्र लेखे जसमा उनले उनको पुस्तक *पुँजी* रूसमा केही जफत भए तापनि त्यो त्यहाँको बौद्धिक जमातमा निकै लोकप्रिय रहेको बताउँदै यसले रूसको कृषि समस्या र कम्युन बुझ्न पनि निकै मद्दत पुऱ्याइरहेको बताए । यसको साथै उनले तत्कालीन रूसी समाजवादीहरूको जीवन र मरणको रूपमा रहेको प्रश्नको सही मार्गदर्शन मार्क्सजस्तो विद्वत् व्यक्तिले मात्र गर्नसक्छन् भन्दै उनका अघि दुईवटा महत्त्वपूर्ण पेंचिला प्रश्नहरु पनि तेर्स्याए (उही, पृ. ९८) । पहिलो, के रूसको ग्रामीण कम्युनलाई विभिन्न सामन्ती आर्थिक बोझहरूबाट मुक्त गरी सामुहिकताको आधारमा त्यसको उत्पादन र वितरणलाई व्यवस्थित गर्दै समाजवादको दिशातर्फ अघि बढ्नको लागि त्यहाँका क्रान्तिकारी समाजवादीहरूले आफ्नो सबै शक्ति त्यतातर्फ लगाउँनु पर्ने होइन ? अर्को प्रश्न, के त्यहाँका समाजवादीहरूको कार्य इतिहासको गतिसंगै कम्युनको विघटन भई किसानहरूको जमिन पुँजीपतिहरूको हातमा पुगी अनि सदियौं पछि पश्चिम युरोपकै गतिमा रूसमा पनि पूँजीवादको विकास भइ अनि किसानहरु सर्वहारामा परिणत भई रूसका शहरका गल्लीहरूमा रोजगारीको लागि भौंतारिंदा मात्र तिनीहरूको वीचमा गई समाजवादीहरूले वैज्ञानिक समाजवादको लागि प्रचार गर्ने हो वा त्यसअघि पनि केही गर्ने हो ? (उही, पृ.९८) ।

चारवटा मस्यौदा कोरेपछि मात्र सन् १८८१ मार्च ८ मा मार्क्सले भेरालाइ प्रत्युत्तर दिए । यस सन्दर्भमा उनेले पुँजीवादको विकासको क्रममा इंगलैण्डमा उत्पादनको साधनबाट उत्पादक शक्तिको सम्बन्ध विच्छेद क्रान्तिकारी रूपमा सम्पन्न भएको र अन्य पश्चिममा पनि यस्तै नियति रहेको उल्लेख गर्दै रूसका किसानहरूको सम्पत्ति पनि व्यक्तिगत सम्पत्तिमा हस्तान्तरण हुनसक्ने सम्भाव्यता औंल्याए । *पुँजी* मा गरिएको विश्लेषण मूलतः पश्चिम युरोपसंगमात्र सम्बन्धित भएकोले यसले रूसको कम्युनको पक्ष वा विपक्षमा केही भन्न नसक्ने बताए । । उनले त्यहाँको कम्युन सामाजिक पुनरोत्पादनको आधारको भएकोमा आफू विश्वस्त रहेको भने । त्यसैले सर्वप्रथम कम्युनलाई बाहिरी तत्त्वहरूको कुप्रभावबाट बचाउन सके मात्र त्यसको स्वाभाविक विकासको सामान्य परिस्थिति तयार हुन सक्ने बताए (उही, पृ. १२३-२४) । यसै प्रसङ्गमा सन् १८८२, जेनेभामा भेराद्वारा अनुदित कम्युनिस्ट घोषणापत्रको दोस्रो रूसी अनुवादको भूमिकामा मार्क्स र एंगेल्सले तत्कालीन रूसमा आधीभन्दा बढी भूमि किसानहरूको सामुहिक स्वामित्वको अवस्थामा रहे तापनि आदिमकालीन सामुहिक भूस्वामित्वको चरित्र पुँजीवादको विकाससंगै निजीकरण भई धेरै हदसम्म विखण्डित भइरहेकोले यस्ता भूस्वामित्व सिधै उच्चस्तरको कम्युनिस्ट भूस्वामित्वको रूपबाट अघि बढ्छ वा प्रथमतः पश्चिमको झैं ऐतिहासिक क्रमको नियति भोग्दै विखण्डित हुन्छ भन्ने प्रश्नको सम्भावित प्रत्युत्तरमा रूसको क्रान्ति पश्चिमको मजदुरहरूको क्रान्तिको सांकेतिक हुने र दुबै एकअर्काका पुरक हुने भन्दै रूसको भूमिको सामुहिक स्वामित्व कम्युनिस्ट विकासको लागि प्रस्थान विन्दु हुन सक्ने उल्लेख गरे । (मार्क्स र एंगेल्स १८४८, पृ. ४-६, १६-१८; सेन १९८४, पृ. ५९) ।

तत्कालीन रूसमा नारदोनिकका गतिविधीहरु तथा भेरा र मार्क्सबीचको पत्राचारले के देखाउँछ भने जारशाही रूसको तत्कालीन परिस्थितिको सही विश्लेषण गरेर क्रान्तिको बाटो पहिल्याउन नसक्दा किसानहरूको बाहुल्यता भए पनि क्रान्तिकारी भूमिसुधारको नीति अघि बढ्न सकेन । तर पनि क्रान्तिकारी भूमिसुधारको नीति निर्माणको सवाल, किसानहरूको भूमिका, समाजवादी क्रान्तिको बाटो तथा क्रान्तिकारीहरूको दायित्वको निर्धारण सम्बन्धि सैद्धान्तिक विषयहरूमा यसले महत्त्वपूण योगदान गरेको देखिन्छ ।

### ४. लेनिन र क्रान्तिकारी भूमिसुधार

*कम्युनिस्ट घोषणापत्र* (१८४८) प्रकाशनको झण्डै आधा शताब्दीपछि मार्च १-३, १८९८ मा मिन्स्कमा भएको रूसी सामाजिक-जनवादी श्रमिक पार्टीको पहिलो महाअधिवेशनले यस अघि छरिएर रहेका स-साना मार्क्सवादी समूहहरूलाई एकजुट गरी पहिलो पटक रूसी भूमिमा मार्क्सवादी पार्टी निर्माण गर्ने पहिलो संगठीत प्रयास गऱ्यो । रूसमा बुर्जुवा क्रान्ति पूरा भइनसकेको कुरामा प्रायः सबै मार्क्सवादीहरु सहमत भए पनि १८९० को दशकमा सामाजिक-जनवादी पार्टीको कार्य तथा सर्वहारा वर्गको भूमिकाबारे दुई धारहरु देखा परे ।

पहिलो, 'कानूनी मार्क्सवादी' र 'अर्थवादी'हरु जो रूसमा सर्वहाराहरूले समाजवादी क्रान्ति पूर्व पुँजीवादी क्रान्ति पर्खनुको विकल्प नरहेको भन्थे र, समाजवादी क्रान्तिको परिस्थिति तयार नभएसम्म सामन्तवाद उखेली पूँजीवादी क्रान्ति पूरा गर्न सर्वहारा वर्गऽले पुँजीपतिहरूको सहयोगी भूमिकामात्र निर्वाह गर्नुपर्दछ भन्थे । दोस्रो थियो लेनिनको विकल्पको धार । उनी क्रान्तिमा सर्वहारा वर्गको दोहोरो भूमिका रहेको छ भन्थे । सन् १८९८ मा साइबेरियामा लेखिएको 'रूसी सामाजिक-जनवादीहरूको कार्य' शीर्षकको लेखमा उनले यो कुरा स्पष्ट पारे ।

पहिलो कार्यभार थियोः सामाजिक-जनवादीहरूले सर्वहारा वर्गको वर्ग संघर्षको नेतृत्व गर्नु र सर्वहाराहरूले निरंकुशताको विरूद्धको पुँजीवादी जनवादी आन्दोलनमा पूँजीपतिहरूसंग सहकार्य गर्नु । दोस्रो कार्यभार अन्तर्गत, सर्वहारा वर्गले पुँजीवाद विरूद्ध समाजवादी आन्दोलन आफ्नै नेतृत्वमा लड्नु । लेनिनको यो कुरा सन् १८५० मा मार्क्सले जर्मनीमा अन्तर्रास्ट्रिय लीगलाई सम्बोधन गर्दा सन् १८४८ को असफल क्रान्तिपछि जर्मनीका सर्वहारा वर्ग सामु क्रान्तिको दोहोरो कार्यभार आएको भन्ने कुरासित मिल्न आउँछ (कार १९५०, पृ. १३) ।

### ४.१ 'ओत्रेज्की' : 'जसको जोत, उसको पोत' को उद्‌गम

उपरोक्त सन्दर्भमा रूसी सामाजिक-जनवादी मजदुर पार्टी (रूसीसजमपार्टी, RSDLP) को दोस्रो महाअधिवेशन (सन् १९०३) ले पारित गरेको कार्यक्रम महत्त्वपूर्ण छ जसको पहिलो मस्यौदा लेनिनले साइबेरियामा निर्वासनको बेला लेनिनले सन् १८८५ मा गरेका थिए ।यसले रूसमा मार्क्सवादी क्रान्तिकारी पार्टीको आधार तयार पाऱ्यो ।समाजवादी क्रान्तिको उद्देश्य, कार्यक्रम, बाटो तथा यसको नेतृत्व र संघर्षका सहयात्रीकहरु बीचको सम्बन्धबारे स्पष्टे पाऱ्यो । धेरै लामो छलफलपछि मस्यौदाको विकसित रूप पछि सन् १९०२ को *इस्क्रा*मा छापियो (रोचेस्टर १९४२, पृ. २३)। यो अधिवेशनको एउटा महत्त्वपूर्ण निर्णय किसानहरूको माँग *ओत्रेज्की* (otrezki) लाई समर्थन गर्नु थियो ।

त्यसै वर्ष (१९०३ मा) लेनिनद्वारा लेखिएको सानो तर महत्त्वपूर्ण पुस्तक 'गाउँका गरीबहरूलाई' भन्नेमा ` रूसी समाजको सुक्ष्म वर्ग विश्लेषण गरिएको छ । यसमा उनले राजनीतिक स्वतन्त्रताको प्राप्ति तथा समाजवादको स्थापनाको लागि पुँजीपति तथा जमिन्दारहरु बिरूद्धको संघर्षमा शहरका मजदुररु गाउँका गरिब किसानहरूले संयुक्त रूपमा मोर्चा बनाई संघर्ष गर्नु पर्ने बताए । उनले गाउँमा किसान कमिटी बनाइ पार्टी काम गर्नु पर्ने, उनीहरूको कक्षा संचालन गर्नु पर्ने, र उनीहरूलाई सर्वहारासंग एकीकृत गर्नु पर्नेमा जोड दिए । त्यसैमा उनले ग्रामीण क्षेत्रमा रूसी सामाजिक-जनवादीहरूको पहिलो कार्य किसानहरूको पूर्ण मुक्ति तथा उनीहरूको पूर्ण अधिकार र उनीहरूबाट खोसिएको जग्गा (*ओत्रेज्की,* otrezki) को पुनर्प्राप्तिको लागि किसान समितिको स्थापनामा जोड दिनु पर्ने बताए । त्यस्तै दोस्रो तथा आखिरी चरणको कार्य गाउँ र शहरमा एकैसाथ हुने र यस अन्तर्गत गाउँमा जमिन्दारहरूबाट सम्पूर्ण भूमि र शहरमा पूँजीपतिहरूबाट सम्पूर्ण कारखानाहरु खोसी समाजवादी समाजको निर्माणको लागि हुनुपर्ने बताए (उही, ५५) ।

यहाँ रूसीसजमपार्टीको दोस्रो महाअधिवेशनमा र 'गाउँका गरीबहरूलाई' मा समर्थन गरिएको *ओत्रेज्की*लाई कृषिप्रधान देशमा क्रान्तिकारी तथा वामपन्थीहरूले क्रान्तिकारी भूमिसुधारको लागि अघि सार्ने गरेको *'जसको जोत, उसको पोत'* (Land to the tiller) भन्ने नाराको *उद्‌गमबिन्दु*का रूपमा मान्न सकिन्छ ।

**क्रमशः**

# आ.व. २०८३/८४ को नीति...

प्राथमिकता दिइनेछ। अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्दै अधिकारमा आधारित विकासको सुनिश्चितता गरिनेछ।

५१. सबै प्रकारका लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाइनेछ गर्दै मानव बेचबिखनमुक्त समाज निर्माण गरिनेछ। सामाजिक तथा सांस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सामाजिक रूपान्तरण अभियान सञ्चालन गरिनेछ। हिंसा पीडित-केन्द्रित सेवा प्रणाली सुदृढ गरी उद्धार, कानुनी सहायता, पुनर्स्थापना र सामाजिक पुनःएकीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५२. आगामी आर्थिक वर्षभित्र सडक बालबालिकामुक्त नेपाल घोषणा गरिनेछ। तीन वटै तहका सरकारको बजेट प्रणालीमा 'बालबालिका उत्तरदायी बजेट कोड' लागु गरिनेछ।

५३. असहाय, अशक्त तथा जोखिममा परेका नागरिकको समुदायमै संरक्षण तथा पुनर्स्थापना सेवाको व्यवस्था गरिनेछ। अपाङ्गता भएका व्यक्तिलाई उद्यमशीलता र रोजगारमूलक सिप प्रदान गरी आत्मनिर्भर बनाइनेछ। सार्वजनिक संरचनालाई पूर्ण रूपमा अपाङ्गतामैत्री बनाइनेछ।

५४. सामाजिक क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, दोहोरोपन न्यूनीकरण र सेवा प्रवाहमा एकरूपता कायम गर्न संघ, प्रदेश र स्थानीय तहबिचको समन्वय तथा सहकार्य सुदृढ गरिनेछ। गैरसरकारी संस्थामार्फत हुने लगानीलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न नीतिगत तथा संस्थागत सुधार गरिनेछ।

**माननीय सदस्यहरू,**

५५. देशभरि आधारभूत स्वास्थ्य सेवामा "न्यूनतम मापदण्ड" लागु गर्दै आवश्यक जनशक्ति, औषधी, उपकरण र पूर्वाधारसहितको एकीकृत सेवा मोडेल कार्यान्वयन गरिनेछ। स्वास्थ्य सेवालाई लागत- प्रभावकारी र नागरिकमैत्री बनाउने गरी स्थानीय तहमा आधारभूत अस्पतालसम्मको पहुँच सुनिश्चित गरिनेछ। सामुदायिक स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेवकको क्षमता, संख्या र सेवा दायरा विस्तार गरिनेछ।

५६. स्वास्थ्य बिमा कार्यक्रमको पुनर्संरचना गरिनेछ। टेलिहेल्थ प्लेटफर्ममार्फत दुर्गम क्षेत्रका नागरिकलाई विशेषज्ञ परामर्श सेवा उपलब्ध गराइनेछ। रोग निगरानी र नियन्त्रणका लागि 'सेन्टर फर डिजिज कन्ट्रोल' तथा स्वास्थ्य सेवा गुणस्तर बढाउन 'राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण' स्थापना गरिनेछ। जैविक अध्ययन, सार्वजनिक स्वास्थ्य अनुसन्धान र महामारी नियन्त्रण क्षमता सुदृढ गर्न सङ्घीय तहमा 'राष्ट्रिय जैविक अध्ययन प्रयोगशाला' स्थापना गरिनेछ।

५७. क्यान्सर लगायत नसर्ने रोग नियन्त्रणका लागि उपचारभन्दा रोकथाम, जनचेतना, नियमित परीक्षण र जीवनशैलीमा आधारित रणनीति कार्यान्वयन गरिनेछ। मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अङ्गका रूपमा स्थापित गर्दै राष्ट्रिय मानसिक स्वास्थ्य नीति कार्यान्वयन गरिनेछ। योग, ध्यान र समुदायमा आधारित स्वास्थ्य कार्यक्रमको विस्तार र प्रवर्धन गरिनेछ।

५८. अत्याधुनिक अपाङ्गता पुनर्स्थापना केन्द्रहरूको स्थापना गरी प्रोस्थेटिक्स, फिजियोथेरापी लगायतका विशिष्टीकृत सेवाहरू उपलब्ध गराइनेछ। अपाङ्गताको प्रारम्भिक पहिचान, शीघ्र हस्तक्षेप र पुनर्स्थापना सेवालाई आधारभूत स्वास्थ्य प्रणालीसँग आबद्ध गर्दै स्थानीय तहसम्म विस्तार गरिनेछ। बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि सहायक प्रविधिसहित विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५९. स्वास्थ्य जनशक्ति विकास गर्न एकीकृत मानव संसाधन प्रणाली विकास गरिनेछ। आयुर्वेद, प्राकृतिक तथा वैकल्पिक उपचार पद्धतिलाई वैज्ञानिक आधारमा संस्थागत गरिनेछ। नेपाल औषधी लिमिटेडको स्तरोन्नति गरिनेछ। स्वदेशी औषधी उत्पादनलाई प्रवर्धन गरिनेछ।

**माननीय सदस्यहरू,**

६०. सम्वत २०८७ सम्ममा सबै नागरिकलाई स्वच्छ खानेपानी तथा आधारभूत सरसफाइ सुविधा सुनिश्चित गर्ने लक्ष्यसहित तीन वटै तहका सरकारको समन्वयमा एकीकृत कार्यक्रम कार्यान्वयन गरिनेछ। ठुला अधुरा आयोजनाहरू शीघ्र सम्पन्न गरिनेछ। तराई-मधेशमा आर्सेनिकमुक्त पानी, डिप बोरिङ र सतही जल प्रणाली विकास गरिनेछ। ढल व्यवस्थापन प्रणाली सुधार गरी नदी-नालाको स्वच्छता कायम गरिनेछ। खानेपानीको गुणस्तरप्रति सार्वजनिक विश्वास कायम गर्न पानी परीक्षण प्रयोगशाला र नियमित परीक्षण पद्धति स्थापित गरिनेछ।

६१. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्न भूमिगत जल पुनर्भरण, वर्षातको पानी सङ्कलन, जलाशयमा आधारित आयोजना र मुहान संरक्षणलाई प्राथमिकता दिइनेछ। "हिमालयन ओरिजिन सर्टिफाइड वाटर" अवधारणामार्फत नेपाली जलको ब्रान्डिङ गरिनेछ।

६२. सार्वजनिक पूर्वाधार, विद्यालय, स्वास्थ्य संस्था र राजमार्ग क्षेत्रमा सुरक्षित पिउने पानी तथा अपाङ्गतामैत्री सरसफाइ पूर्वाधार विस्तार गरिनेछ। काठमाडौं उपत्यकासहित ठुला शहरहरूमा ढल तथा फोहोर व्यवस्थापन प्रणालीलाई निजी क्षेत्र, समुदाय र सहकारीको सहभागितामा एकीकृत रूपमा सञ्चालन गरिनेछ। ढल प्रशोधन संयन्त्र स्थापना गरी प्रशोधित पानीलाई सिँचाइ तथा उद्योगका लागि प्रयोग गरिनेछ। बागमती लगायत नदीहरूको वातावरणीय स्वच्छता कायम गरिनेछ।

**माननीय सदस्यहरू,**

६३. हुलाकी, पुष्पलाल, उत्तर-दक्षिण राजमार्ग लगायतका राष्ट्रिय सडक सञ्जालको स्तरोन्नति र विस्तार तीव्र पारिनेछ। काठमाडौँ-तराई मधेश द्रुतमार्ग तथा यसका लिङ्क सडकहरू शीघ्र सम्पन्न गरिनेछ। सबै स्थानीय तहलाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालसँग जोडिनेछ।

६४. विद्युतीय मास ट्रान्जिट प्रणाली विकास गर्दै सार्वजनिक यातायातलाई भरपर्दो बनाइनेछ। पर्यटन सम्भावना भएका क्षेत्रमा सडक पहुँच, राजमार्ग स्तरोन्नति, वैकल्पिक मार्ग र राजमार्ग सेवा केन्द्र विकास गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाइनेछ।

६५. पूर्वाधार विकासलाई तीव्र बनाउन प्रधानमन्त्री डेलिभरी युनिटलाई सुदृढ गरी मिसन मोडमा कार्यान्वयन गरिनेछ। सार्वजनिक यातायात तथा सडक सम्बन्धी कानून परिमार्जन गरिनेछ। ठुला आयोजना समयमै सम्पन्न गर्न सुधारिएको ठेक्का प्रणाली र इन्जिनियरिङ मापदण्डको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। सडक, रेल, जल, रोपवे र हवाई यातायातलाई समेट्न "एकीकृत राष्ट्रिय यातायात गुरुयोजना तयार गरिनेछ। "लगानी एक्सप्रेस" अवधारणाअनुसार पूर्वाधारसँग सम्बन्धित विवादको शीघ्र सुनुवाइ र निर्णय गरिनेछ।

६६. सडक दुर्घटना न्यूनीकरणका लागि जीपीएस ट्र्याकिङ, एआईमा आधारित ट्राफिक क्यामेरा, डिजिटल जरिवाना प्रणाली र गति नियन्त्रण कडाइका साथ लागु गरिनेछ। पैदल तथा साइकल यात्रुका लागि सुरक्षित पूर्वाधार निर्माण गरिनेछ। सार्वजनिक यातायातमा महिलाको सुरक्षित पहुँच सुनिश्चित गरिनेछ। काठमाडौंमा 'बस र्‍यापिड ट्रान्जिट (बिआरटी)' को विस्तृत डिजाइन र कार्यान्वयन प्रक्रिया सुरु गरिनेछ।

६७. पूर्व-पश्चिम विद्युतीय रेलमार्गको निर्माणलाई निरन्तरता दिई केरुङ-काठमाडौं तथा रक्सौल-काठमाडौं रेलमार्गको लगानी मोडालिटी लगायतका विषयमा अध्ययन अघि बढाइनेछ। दीर्घकालीन रूपमा जलवायु अनुकूल, दिगो र प्रतिस्पर्धी यातायात प्रणाली निर्माण गरिनेछ।

६८. सहरी पूर्वाधार सूचक कमजोर भएका नगरपालिकालाई प्राथमिकता दिँदै बृहत् शहरी विकास कार्यक्रम सञ्चालन गरिनेछ। एकीकृत फोहरमैला व्यवस्थापन प्रणाली विकास गर्दै फोहर संकलन, प्रशोधन र पुनःप्रयोगका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।

६९. आवासविहीन, सीमान्तकृत, विपन्न तथा विपद् प्रभावित समुदायका लागि किफायती र सुविधायुक्त आवास योजना कार्यान्वयन गरिनेछ। वास्तविक भूमिहीनको पहिचान गरी स्थायी आवास र स्वामित्व सुनिश्चित गरिनेछ। मध्य पहाडी लोकमार्ग आसपासका नयाँ शहरलाई पहिचानयुक्त शहरका रूपमा विकास गर्दै जग्गा विकास, पूर्वाधार र स्थानीय आर्थिक सम्भावनासँग जोडिनेछ।

७०. राष्ट्रिय भवन संहिताको अनिवार्य कार्यान्वयन गर्दै सबै नयाँ निर्माणमा भूकम्प प्रतिरोधी, अग्नि सुरक्षा र आधुनिक पूर्वाधार मापदण्ड लागु गरिनेछ। जेन- जी आन्दोलन तथा जाजरकोट भूकम्पबाट क्षति भएका संरचनाहरूको पुनर्निर्माणलाई प्राथमिकता दिइनेछ। छरिएका तथा जोखिमयुक्त बस्तीलाई व्यवस्थित गर्न भू-उपयोग, पूर्वाधार र सामुदायिक सेवासहितको एकीकृत परियोजना लागु गरिनेछ।

७१. प्रतिक्रियामुखीभन्दा पूर्वतयारीमुखी विपद् व्यवस्थापन नीति अवलम्बन गर्दै जोखिम नक्सांकन, प्रारम्भिक चेतावनी प्रणाली र विपद् सुरक्षा अभ्यासलाई संस्थागत गरिनेछ। खोज तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल सम्मिलित एकीकृत कमाण्ड प्रणाली विकास गरी ड्रोन, हेलिकप्टर लगायत आधुनिक प्रविधिको प्रयोगमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ।

७२. बजेट पारित हुनु अघि नै विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय अनुमति र जग्गा प्राप्ति अनिवार्य रूपमा सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाइनेछ। साउनदेखि नै खरिद प्रक्रिया सुरु गर्ने "शून्य-दिन खरिद नीति" लागु गरी असार महिनामा केन्द्रित खर्च विकृति अन्त्य गरिनेछ। ठुला खरिदहरूमा खुला सार्वजनिक खरिद नीति लागु गरिनेछ।

**माननीय सदस्यहरू,**

७३. डिजिटल सुशासन ब्लु प्रिन्ट अनुरूप राष्ट्रिय डिजिटल पूर्वाधार स्थापना गरी जी-क्लाउड र डाटा नीति कार्यान्वयनको केन्द्रीय समन्वय गरिनेछ। राष्ट्रिय डिजिटल रणनीति, डिजिटल खरिद, डाटा नीति, अन्तर-सञ्चालन मापदण्ड र सरकारी क्लाउड पूर्वाधारको विकास गरिनेछ।

७४. डाटा, कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि र साइबर सुरक्षाको प्रयोग सहित नवप्रवर्तन र स्टार्टअप प्रवर्धन गर्दै ज्ञानमा आधारित अर्थतन्त्रको विकास गरिनेछ। दूरसञ्चार क्षेत्रमा नवीनतम प्रविधिको विस्तार, रेडियो फ्रिक्वेन्सी व्यवस्थापनका मापदण्ड र सुदृढ अनुगमन प्रणाली लागु गरिनेछ। दुर्गम क्षेत्रसम्म डिजिटल पहुँच विस्तार गरी डिजिटल विभेद न्यूनीकरण गरिनेछ।

७५. विज्ञापन तथा सञ्चार क्षेत्रको पारदर्शी र उत्तरदायी व्यवस्थापनका लागि तीन वटै तहका सरकारको समन्वयमा यस क्षेत्रको नियमन प्रणाली सुदृढ गरिनेछ। हुलाक सेवाको विविवधीकरण, आधुनिकीकरण र डिजिटल रूपान्तरण गरिनेछ।

७६. चलचित्र, वृत्तचित्र, फोटोग्राफी र डिजिटल सामग्री उत्पादनलाई उद्योगको रूपमा विकास गरिनेछ। मुलुकको प्राकृतिक र सांस्कृतिक सम्पदालाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्धन गर्दै नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन तथा सिर्जनात्मक गन्तव्यका रूपमा स्थापित गरिनेछ।

**माननीय सदस्यहरू,**

७७. जल तथा मौसमसम्बन्धी तथ्याङ्कलाई डिजिटल प्लेटफर्ममा एकीकृत गरी विपद्सम्बन्धी पूर्व सूचना प्रणाली विकास गरिनेछ। नागरिक एप मार्फत कृषि, यातायात, पर्यटन र उड्डयन क्षेत्रमा पूर्व चेतावनी सेवा विस्तार गरिनेछ। विपद् पश्चात् क्षतिपूर्ति, राहत र पुनर्निर्माण प्रक्रियामा बिमा लगायत जोखिम हस्तान्तरणका उपकरणको प्रयोग विस्तार गरिनेछ।

७८. कारागार प्रणालीलाई सुधार गृहका रूपमा रूपान्तरण गरी पुनर्स्थापना केन्द्रित दृष्टिकोण अवलम्बन गरिनेछ। कसुरजन्य सम्पत्ति जफत, व्यवस्थापन र असुली प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

७९. इ-के.वाई.सी. प्रणाली लागु गरी बैङ्किङ, दूरसञ्चार र सार्वजनिक सेवामा डिजिटल प्रमाणीकरण गरिनेछ। केन्द्रीय अनलाइन भेटिङ प्रणाली मार्फत भ्रष्टाचार जोखिम न्यूनीकरण, सेवा स्वचालन र नागरिक विश्वास अभिवृद्धि गरिनेछ। नागरिक उजुरी व्यवस्थापन प्रणाली मार्फत वास्तविक समयमा नै सम्बोधन गरिनेछ।

८०. नेपाल प्रहरीको भौतिक पूर्वाधार, उपकरण र अनुसन्धान क्षमतामा सुधार गर्दै फरेन्सिक तथा सूचना विश्लेषण प्रणाली सुदृढ गरिनेछ। राष्ट्रिय अनुसन्धान प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ। लागु औषध नियन्त्रण, अन्तर देशीय अपराध तथा जटिल अपराध न्यूनीकरणका लागि आधुनिक प्रविधिको प्रयोग विस्तार गरिनेछ। साइबर सुरक्षा, वित्तीय अपराध र डिजिटल ठगी नियन्त्रणका लागि विशेष अनुसन्धान इकाई स्थापना गरिनेछ।

८१. सशस्त्र प्रहरी बल, नेपाललाई प्रशिक्षित जनशक्ति र पूर्वाधारसहित विशिष्टीकृत सुरक्षा बलका रूपमा सुदृढ गरिनेछ। सीमा नाकाहरूमा अनुहार पहिचान प्रणाली, एकीकृत सीमा व्यवस्थापन सूचना प्रणाली र स्वचालित निगरानी पूर्वाधार स्थापना गरिनेछ। ड्रोन तथा नाइट भिजन क्यामेरा प्रयोग गरी अवैध गतिविधि नियन्त्रण गरिनेछ। सीमा क्षेत्र विकास कार्यक्रममार्फत नागरिक-सुरक्षा सम्बन्ध सुदृढ बनाइनेछ। सीमा विवादको समाधान कूटनीतिक सम्वादबाट खोजिनेछ।

८२. बृहत राष्ट्रिय हितको संरक्षणका लागि सुरक्षा सम्बन्धी नीति तथा कानूनको समसामयिक परिमार्जन गरिनेछ। नेपाली सेना लगायत सुरक्षा निकायहरूको बन्दोबस्ती तथा आवश्यक सामग्री स्वदेशमै उत्पादन गर्ने व्यवस्था गरी सुरक्षा क्षेत्रमा बाह्य निर्भरता कम गरिनेछ। सुरक्षा जनशक्तिको तालिम र रणनीतिक दक्षता विकासमार्फत व्यावसायिकता अभिवृद्धि गरिनेछ। राष्ट्रिय सेवा दललाई सुदृढ गरिनेछ।

८३. ठूला विकास आयोजनाहरूको विस्तृत परियोजना अध्ययन गर्दा राष्ट्रिय सुरक्षामा पर्नसक्ने प्रभावको समेत मूल्यांकनलाई अनिवार्य गरिनेछ। ऐतिहासिक गढी, किल्ला तथा पदमार्गको संरक्षण र प्रवर्धनमार्फत राष्ट्रिय पहिचान सुदृढ गर्दै पर्यटन विकासलाई टेवा दिइनेछ।

८४. सबै नागरिकका लागि समान पहुँच सुनिश्चित गर्दै क्षतिपूर्तिसहितको न्याय प्रणाली विकास गरिनेछ। विपन्न तथा असहाय नागरिकका लागि निःशुल्क कानुनी सहायता विस्तार गरिनेछ। सशस्त्र द्वन्द्वसँग सम्बन्धित सङ्क्रमणकालीन न्यायका प्रक्रियालाई यथाशीघ्र निष्कर्षमा पुर्‍याइनेछ।

८५. कार्यपालिका र व्यवस्थापिका बीचको समन्वय तथा अन्तरसम्बन्ध सुदृढ गर्दै कानून तर्जुमा, संशोधन र कार्यान्वयन प्रक्रियालाई छिटो, गुणस्तरीय र परिणाममुखी बनाइनेछ। अभियोजन प्रणालीलाई तथ्य, प्रविधि र वैज्ञानिक अनुसन्धानमा आधारित बनाइनेछ। अपराध पीडितलाई तत्काल राहत, क्षतिपूर्ति र सहयोग उपलब्ध गराइनेछ।

**माननीय सदस्यहरू,**

८६. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई केन्द्रमा राख्दै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्तमा आधारित सन्तुलित कूटनीति अवलम्बन गरिनेछ। छिमेकी तथा मित्र राष्ट्रहरूसँग पारस्परिक लाभ, सम्मान र बहुपक्षीय सहकार्यमा आधारित सम्बन्ध विस्तार गरिनेछ।

८७. नेपालको मौलिक पहिचान, भाषा, कला र सम्पदालाई विश्वमञ्चमा स्थापित गर्दै सौम्य शक्ति विस्तार गरिनेछ। विदेशस्थित नियोगमार्फत नेपाली वस्तु, सेवा, संस्कृति र पर्यटनको विश्वव्यापी प्रवर्धन गर्दै "ब्रान्ड नेपाल अभियान" सञ्चालन गरिनेछ।

८८. परम्परागत कूटनीतिलाई आर्थिक कूटनीतिमा रूपान्तरण गर्दै नेपाललाई सूचना प्रविधि र नवप्रवर्तन एवम् शिक्षा र स्वास्थ्य सेवा क्षेत्रका लागि अन्तर्राष्ट्रिय गन्तव्य बनाउन पर्यटन पूर्वाधार, ऊर्जा, सूचना प्रविधि जस्ता क्षेत्रमा विदेशी लगानी प्रवर्धन गरिनेछ। वैदेशिक सहायता, लगानी र विकास सहकार्यलाई नेपालको सार्वभौमसत्ता र दीर्घकालीन राष्ट्रिय हित अनुकूल परिचालन गरिनेछ।

८९. विदेशस्थित नेपाली नियोगहरूबाट प्रदान गरिने राहदानी तथा कन्सुलर सेवालाई डिजिटलाइज गरिनेछ। विदेशमा रहेका नेपालीको सुरक्षा र अधिकार संरक्षण गर्न परराष्ट्र मन्त्रालयमा सातै दिन चौबिसै घण्टा "सेन्ट्रल रेस्पोन्स युनिट र नियोगहरूमा द्रुत उद्धार टोली स्थापना गरी सञ्चालन गरिनेछ।

९०. प्रवासमा रहेका नेपालीको पूँजी, सिप, अनुभव र प्रविधिलाई राष्ट्रिय विकाससँग जोड्न 'डायस्पोरा विज्ञ सञ्जाल' तथा 'ज्ञान बैंक' स्थापना गरिनेछ। गैर आवासीय नेपालीको लगानी आकर्षित गर्न कानुनी सुरक्षा, सहज वित्तीय व्यवस्था र प्रतिफल फिर्ता प्रणाली सुनिश्चित गरिनेछ। गैर आवासीय नेपालीको सहभागिता सुदृढ गर्न नागरिकता, लगानी, वित्तीय पहुँच र लोकतान्त्रिक अधिकारसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था सुदृढ गरिनेछ।

**माननीय सदस्यहरू,**

९१. निजामती तथा अन्य सरकारी सेवालाई तटस्थ, निष्पक्ष, उत्तरदायी एवम् व्यावसायिक संस्थाको रूपमा विकास गरी सेवा प्रवाह र सुशासन प्रवर्धनलाई नतिजामुखी बनाउने उद्देश्यले ट्रेड युनियनको खारेजी, स्वार्थउबस्को द्वन्द्व नियन्त्रण सम्बन्धी व्यवस्था, सूचकमा आधारित कार्यसम्पादन मूल्यांकन प्रणाली, कुलिङ अफ अवधिको व्यवस्था र राजनैतिक दल वा गतिविधिमा संलग्न भएमा भविष्यमा समेत सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त गर्ने व्यवस्था गरिनेछ।

९२. निजामती सेवामा योग्यतामा आधारित नियुक्तिको व्यवस्था, विभागीय तथा आयोजना प्रमुखको त्रैमासिक मूल्यांकन, नैतिक परीक्षण संयन्त्र, निजामती सेवा बोर्ड, कमजोर कार्यसम्पादन स्तर भएको कर्मचारीलाई नकारात्मक सूचीमा राखिने व्यवस्था, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली मार्फत नतिजामुखी र नागरिकमैत्री संस्थाको रूपमा विकास गरिनेछ।

९३. "एक पटकको विवरण सबै सेवामा प्रयोग" को सिद्धान्तमा आधारित अन्तरसञ्चालन सक्षम सरकारी डाटाबेस विकास गरिनेछ। सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहलाई छरितो, पारदर्शी र नागरिकमैत्री बनाउन अन्तर आबद्ध प्रणालीमा आधारित एकीकृत डिजिटल प्लेटफर्म मार्फत इ- गभर्नेन्स प्रणाली सुदृढ गरिनेछ। न्यूनतम एक सय सरकारी सेवाहरूलाई एकीकृत 'नागरिक एप' मार्फत उपलब्ध गराइनेछ।

९४. प्रत्येक सेवाको कानुनी समयसीमा तोकी उल्लङ्घन गर्ने अधिकारी स्वतः जबाफदेही हुने व्यवस्था गरिनेछ। राष्ट्रिय परिचय पत्रलाई अधिकतम सार्वजनिक सेवासँग अन्तर आबद्ध गर्दै 'एक परिचयपत्र नीति' लागू गरी नागरिकता, बैङ्किङ, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा लगायतका सेवालाई एकीकृत गरिनेछ। 'एकल सेवा केन्द्र' लाई सबै कार्यालयमा विस्तार गर्ने तथा अत्यावश्यक सेवा सातै दिन सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। डिजिटल हस्ताक्षर, अनलाइन सेवा र समयबद्ध निर्णय प्रणालीमार्फत नागरिकलाई लाइन, झन्झट र अनुपयुक्त मध्यस्थताबाट मुक्त गरिनेछ।

९५. अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई संस्थागत रूपमा सुदृढ गर्दै अनुसन्धान, अभियोजन र कारबाही प्रणाली प्रभावकारी बनाइनेछ। राष्ट्रिय सतर्कता केन्द्रलाई 'भ्रष्टाचार निवारण इकाई' का रूपमा पुनर्संरचना गरिनेछ। भ्रष्टाचार उजुरीकर्ताको पहिचान संरक्षण र पुरस्कारसम्बन्धी व्यवस्था गरिनेछ। उच्च पदस्थ पदाधिकारीको सम्पत्ति विवरण वार्षिक रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

९६. सार्वजनिक खरिद, राजस्व र प्रशासनिक प्रक्रियालाई पारदर्शी, प्रविधिमैत्री र प्रतिस्पर्धात्मक बनाइनेछ। नागरिक विश्वास तथा सुशासन धारणा सूचकाङ्क, डिजिटल अडिट प्रणालीमार्फत उच्च जोखिम क्षेत्र पहिचान गरी भ्रष्टाचार रोकथाममूलक कारबाही सुदृढ गरिनेछ।

९७. नीति तथा योजना निर्माणलाई तथ्य र प्रमाणमा आधारित बनाउन राष्ट्रिय योजना आयोग तथा नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचना गरी अनुसन्धान र अनुगमनमा केन्द्रित सक्षम र विश्वसनीय सार्वजनिक 'थिङ्क-ट्याङ्क' तथा 'राष्ट्रिय नीति शोधशाला' को रूपमा विकास गरिनेछ। राष्ट्रिय तथ्याङ्क प्रणालीको सामयिक पुनर्संरचना गरी सुदृढ बनाइनेछ।

९८. मानव अधिकारको संरक्षण र प्रवर्धनलाई सुदृढ गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गरिनेछ। मानव अधिकार उल्लङ्घनमा शून्य सहनशीलता अपनाइनेछ। राष्ट्रिय मानव अधिकार आयोगको क्षमता अभिवृद्धि गरिनेछ

९९. उत्तरदायी सुशासन मार्फत सामाजिक न्याय, समतामूलक अवसर र तीव्र आर्थिक विकास सुनिश्चित गर्न सत्तारूढ दलको वाचा पत्र एवम् प्रमुख राजनीतिक दलका साझा प्रतिबद्धतालाई आधार मान्दै राष्ट्रिय स्रोत, साधन र सामर्थ्यको न्यायोचित परिचालन गरिनेछ।

१००.आम नेपाली जनताको विश्वास र सार्वभौम सहभागिताबाट स्थापित राजनीतिक स्थिरतालाई दुर्लभ अवसरको रूपमा ग्रहण गर्दै राष्ट्रको समग्र रूपान्तरणलाई गति दिइनेछ। उत्तरदायी शासन प्रणालीमार्फत राज्यप्रति नागरिकको विश्वास अभिवृद्धि गर्दै समुन्नति-केन्द्रित सुशासनलाई राष्ट्रिय संस्कृतिका रूपमा संस्थागत गरिनेछ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरण सरकारको मार्गदर्शन हुनेछ।

**प्रतिनिधि सभाका सम्माननीय सभामुख,**
**राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,**
**माननीय सदस्यहरू,**

अन्त्यमा, लोकतन्त्रका संवाहक सम्पूर्ण राजनीतिक दल तथा अथक योद्धा, राष्ट्रसेवक कर्मचारी, नेपाली सेना लगायत सबै सुरक्षा निकायहरू, किसान, मजदुर, उद्योगी, व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी लगायत नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा नेपालको सर्वाङ्गीण विकासमा योगदानका लागि हार्दिक आह्वान गर्दछु।

नेपालको उन्नतिको लक्ष्य हासिल गर्न उदारतापूर्वक निरन्तर सहयोग पुर्‍याउँदै आउनुभएका छिमेकी देशलगायत मित्रराष्ट्र, विकास साझेदार तथा गैर आवासीय नेपालीलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा सबैको निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु।

धन्यवाद!

# संविधान कार्यान्वयन, संघीयता सवलीकरण र नागरिकमैत्री शासनमा सांसदहरूको जोड

**काठमाडौं ।** बिहीबार बसेको प्रतिनिधिसभा बैठकमा सांसदहरूले संविधान कार्यान्वयन, संघीयता सवलीकरण र नागरिकमैत्री शासन सरकारको प्राथमिकता हुनुपर्नेमा जोड दिएका छन्। बिहीबारको प्रतिनिधिसभा बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै संशोधनकर्ता सांसदहरूले अर्थतन्त्र सुधार र सुशासन प्रवर्द्धनमार्फत आर्थिक, सामाजिक रूपान्तरणको योजना बनाउन सुझाव दिएका हुन्।

सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, भ्रष्टाचार नियन्त्रण सरकारको प्राथमिकता हुनुपर्नेमा जोड दिँदै उनीहरूले नीति तथा कार्यक्रममा समावेश गरिएका डिजिटल पूर्वाधार विकास, सूचना प्रविधिका क्षेत्रलाई राष्ट्रिय उद्योगका रूपमा प्रवर्द्धन गर्ने, आयोजना प्रमुखलाई जिम्मेवारीपूर्ण उत्तरदायी निर्धारण गर्ने विषय सकारात्मक रहेको दावी गरे। बैठकमा आफ्ना धारणा राख्दै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद महेन्द्रबहादुर शाहीले ऊर्जा, पर्यटन, कृषि क्षेत्रको प्रवर्द्धनमार्फत समृद्धि हासिल गर्न सकिने उल्लेख गर्दै सामाजिक, आर्थिक रूपान्तरणमा ध्यान दिन आग्रह गरे।

सोही दलका अर्का सांसद प्रमेबहादुर वयकले किसानलाई मल, बिउबिजन, अपांगता भएका नागरिकलाई सहुलियत तथा संक्रमणकालीन न्याय निरूपणको विषय नीति तथा कार्यक्रममा समावेश गर्न आग्रह गरे। अर्का सांसद जोगकुमार बरबरिया यादवले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउँदै जनअपेक्षा सम्बोधन गर्नेगरी नीति कार्यक्रम संशोधन गर्न सुझाव दिए भने नेकपाकै अर्का सांसद गोपाल शर्माले जनअपेक्षा अनुसार सरकारको नीति तथा कार्यक्रम आउन नसकेको सार्वजनिक टिप्पणीलाई स्वीकार गर्दै परिमार्जन गर्न आग्रह गरे।

## प्रतिनिधिसभामा...

दलितको प्रतिनिधि जम्मा एक जना हुनुहुन्थ्यो। अहिले कति हुनुहुन्छ ? २०५१ र २०५६ मा त संसदमा एउटै पनि दलित प्रतिनिधि हुनुहुन्नथ्यो। २०४८ सालको संसदमा जम्मा ६ जना महिला हुनुहुन्थ्यो, ०५१ सालमा ७ र ०५६ मा १२ जना। अहिले कतिजना महिला हुनहुन्छ ? ९६ जना, झण्डै सय। आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मुस्लिम, थारु, मधेशी र उत्पीडित वर्गका हकमा पनि तथ्यांक करिब यही हो। यो प्रतिनिधित्वको कथा रगतले लेखिएको छ। क्रान्तिले लेखिएको छ। पिठ्यूमा दुधे बालक र काँधमा बन्दुक बोकेका महिलाहरूको बलिदानले लेखिएको छ। मोल तोकिएका टाउकाहरूले लेखिएको छ। हामीले आफ्नो जीवनको सबैभन्दा उज्यालो समय अन्धकारसँग लडेर बितायौं। क्रान्ति, संघर्ष र बलिदान हाम्रा लागि शब्द थिएनन्, दैनिक जीवनचर्या थियो। क्रान्तिको त्यो मशाल हामीले आफ्नै रगतले बालेका थियौं। मैले त्यसै भन्ने गरेको छैन, यो सम्मानित संसदमा जसको प्रवेश भए पनि म आफैं प्रवेश गरेजस्तो लाग्छ।

सामन्तवादविरुद्ध हामीले उठाएको बन्दुकले ढोका नखोलेको भए कहाँबाट यहाँ प्रवेश गरेर मन्त्री बन्नुहुन्थ्यो उत्पीडित समुदायका प्रतिनिधिहरू ? पार्टी जुनसुकै होस्, समावेशी र समानुपातिक प्रतिनिधिहरूप्रति गर्व गर्ने हक प्रचण्डलाई छ भन्ने म ठान्दछु। शान्तिप्रक्रियालगत्तै काठमाडौंका भित्ताहरूमा हामीले मधेशी हुनुको गर्व स्थापित गर्न अभियान सञ्चालन गरेका थियौं। काठमाडौंसँग मधेशले काठमाडौंमै आफ्नो पहिचान र आत्मसम्मानको यति निर्भिक दावी यसअघि कहिल्यै गरेको थिएन।

बालेन्द्र शाह काठमाडौंको मेयर हुँदै आज देशकै प्रधानमन्त्री बन्नुभएको छ। पार्टी फरक होला, तर मेरा लागि यो क्रान्तिकै संकल्पको जीत हो। मैले यो प्रसंग यसकारण पनि उठाएको हुँ कि क्रान्तिका उपलब्धिमा गर्व गरिरहेको यही समाजका केही पात्र आज पनि क्रान्तिको अपराधीकरण गर्न तल्लीन छन्। शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुग्न नदिन अग्रसर छन्। मैले तपाईंहरूलाई गणतन्त्रका फूल भनेको थिएँ। शान्तिप्रक्रियाको पूर्णता अब मेरोभन्दा पनि तपाईंहरूको जिम्मेवारी हो।

**सभामुख महोदय,**

'पुराना नेता र पुराना पार्टी' का नाममा बनेको एउटा गलत भाष्य छ, सबै उस्तै हुन्। र, त्यसमा प्रचण्डलाई पनि घिसार्न खोजिन्छ। त्यही हो त सत्य ? होइन। राष्ट्रिय स्वतन्त्र पार्टीका हकमा त त्यो झन् हुँदै होइन। अघिल्लो संसदमा मैले प्रधानमन्त्रीका रूपमा पनि र प्रमुख विपक्षी दलको नेताका रूपमा पनि रास्वपासँग दह्रो सहकार्य गरेँ। दह्रो सहकार्य। सरकारमा हामीले सुशासनका माध्यमबाट लोकतन्त्रको राम्रो सर्भिसिङ सुरु गर्‍यौं। सेवा प्रवाहको सरलीकरण र मेरिटोक्रेसीमा जोड दियौं। ललिता निवासको विस्तृत अनुसन्धान र जग्गा फिर्तीको प्रक्रियादेखि भुटानी शरणार्थी प्रकरणको निष्पक्ष अनुसन्धानबाट हामीले विधिको शासन स्थापित गर्‍यौं। कानूनमाथि नै शासन गरिरहेका देशका सबैभन्दा ठूला माफियासँग हामी निडरताका साथ लड्यौं। पछि तिनैले देशको पहिलो र दोश्रो दल मिलाए। प्रतिपक्षका रूपमा हाम्रो संख्या सानो थियो। तर, त्यो सानो संख्याले दुईतिहाइको विशाल सत्तापक्षका हरेक बेथिति र विकृतिविरुद्ध लड्यो। दुई तिहाइको कुसाशन र अहंकारको हामीले प्रतिरोध गर्‍यौं। यो पृष्ठभूमिमा सबै उस्तै हुन भन्ने भाष्य बिल्कूल गलत छ र म त्यसलाई पूर्णरूपमा खारेज गर्दछु। पुराना र नयाँ भनेर बनाइएको भाष्य दार्शनिक, राजनीतिक र समाजशास्त्रीय दृष्टिले पनि गलत छ। सवाल पुराना र नयाँको होइन, सवाल सही र गलतको हो। पुराना र नयाँ भाष्यले परिवार, समाज र राजनीतिमा विभाजनको आधार मात्र खडा गर्दछ। सही र गलतको बहसले गति, रूपान्तरणसहितको नयाँ एकताको आधार खडा गर्दछ।

**सभामुख महोदय,**

अब म सरकारका एक महिनाका निर्णय र कार्यशैलीबारे केही आलोचनात्मक टिप्पणी गर्न चाहन्छु। सरकारले सविधान संशोधनका लागि छलफल सुरु गर्न खोजेको हो भने दस वर्षपछि संविधानको समिक्षा संविधानमैं उल्लेख छ। तर प्रष्ट हुनुपर्छ, कसका लागि संशोधन ? कसका हितमा संशोधन ? हामी छलफलका लागि तयार छौं तर पारदर्शिताका साथ। संविधान संशोधन गरौं तर त्यो संशोधनले राष्ट्रिय एकता र राष्ट्रिय स्वाधिनता, नेपाली जनताको आत्मसम्मान र आत्मनिर्णयको अधिकार अझ मजबूत होस्। संविधान संशोधन गरौं तर त्यो संशोधनले लोकतन्त्र अझ मजबूत होस्। संविधान संशोधन गरौं जसले सीमान्त वर्ग, र क्षेत्रको प्रतिनिधित्व अझ बिस्तार गरोस्। संविधान संशोधन एकदमै संवेदनशील विषय हो। यसले ठूलो विवेक, संयम र छलफल माग गर्छ। कृपया यसलाई हलुका रूपमा नलिनुहोला। नीति तथा कार्यक्रममा जसरी दलित, महिला, जनजाति, मधेशी, थारु, उपेक्षित उत्पीडित वर्ग, समुदाय र क्षेत्रलाई उपेक्षा गरिएको छ, सरकारका पछिल्ला गतिविधिहरू हेर्दा त्यो अस्वभाविक भने देखिन्न। हामीले क्रान्तिका उपलब्धिमा गर्व गरिरहँदा आज क्रान्तिको मुख्य आधार रहेको त्यही वर्ग भारी जनादेश प्राप्त सरकारको निशानामा परेको छ। हिजो निरंकुश राज्यसत्ताले हात्ती लगाएर गरीब सुकुम्बासीका छाप्रा भत्काउँथ्यो। बस्तीहरूमा आगो लगाउँथे। आज लोकतन्त्रमा जनताका घरबस्ती भत्काइएका छन्। लालाबालाहरूको बिचल्ली भएको छ। झरीमा रुइदै साना नानीहरू ओत लागिरहेका, बेहोस भएर ढलिरहेका आमालाई हेरेर चिच्याउँदै गरेका बच्चाहरूको आर्तनाद र आत्महत्याका भिडियोहरू सामाजिक सञ्जालमा छ्याप्छ्याप्ती भएका दृश्यले हिजो पञ्चायती निरंकुशताले जनतामाथि यही प्रकृतिको दमन गरेको झझल्को दिइरहेको छ।

म सरकारसँग आग्रह गर्न चाहन्छु, गरीबहरू समृद्धिको बाधक होइनन्। सुकुम्वासीहरू विकासका अवरोध होइनन्। बिना कुनै योजना, बिना कुनै पूर्व तयारी जबर्जस्ती बस्ती खाली गरेर देशको मुहार फेरिन्न। जसको कोही हुन्न् उसको सहारा राज्य बन्नुपर्छ भनेर नै नेपाली जनताले लामो लडाईं लडेर संविधानमा अधिकार लेख्न सफल भएका हुन्। जबर्जस्ती उठिवास होइन, व्यवस्थित र वैज्ञानिक बाटोबाट भूमिमाथिको स्वामित्व, जीविकोपार्जन तथा बसोबासको ग्यारेन्टी गरेर मात्रै सुकुम्वासी समस्याको हल सम्भव छ। मेरो आग्रह छ, गणतन्त्र ल्याउन सबैभन्दा बढी योगदान गर्ने गरीब, मजदूर, किसान निमुखा वर्गलाई न्याय दिने अब तपाईंहरूको जिम्मेवारी हो। जनतालाई उठिवास लगाएर, बिचल्ली पारेर लोकतन्त्रको सर्भिसिङ हुन्न। यसमा सरकारले गम्भीरतापूर्वक पुनर्विचार गरोस्। सरकारको रोडम्याप लोकतन्त्रलाई बलियो बनाउने र इतिहासका संघर्ष र संघर्षका पात्रहरूलाई सम्मान गर्ने हुनुपर्दछ। संघर्षका उपलब्धिहरूलाई रक्षा गर्ने हुनुपर्छ। विद्यार्थी या निजामति राष्ट्र सेवकहरू वा कुनै पनि नागरिकलाई आफ्नो आवाज उठाउनबाट बञ्चित गरेर लोकतन्त्र बलियो हुन्न। जयतु संस्कृतम देखि पछिल्लो जेनजी आन्दोलनसम्म विद्यार्थीहरू नै राजनीतिक परिवर्तनको अग्रभागमा रहेका छन्। आज अस्तित्व नै नरहने किसिमले 'अब तिमीहरूको आवश्यकता छैन' भन्यौं भने त्यो केवल अन्याय मात्र होइन, इतिहासप्रतिको अपमान र अवमूल्यन हुनेछ। विश्वविद्यायलयमा मेरिटोक्रेसी र शिक्षा क्षेत्रमा समग्र रूपान्तरण गरौं। मेरो पछिल्लो कार्यकालमा हामीले यसको सूरुआत गरेको हो। तर विद्यार्थी संगठनहरू यसको बाधक हुन भन्ने चिन्तन गलत छ। शैक्षिक क्षेत्रको बेथिति रोक्न, लोकतन्त्रलाई अझै अग्रगामी दिशामा विकास गर्न विद्यार्थीहरू अवरोध होइनन, बरु सहयात्री हुन्। सुधार गर्नुपर्ने कुरा सुधारौं तर आवाज नै थुन्ने कदम स्वीकार्य हुन सक्दैन। नेपालको संविधान तथा संयुक्त राष्ट्रसंघको सदस्यका हैसियतले नेपालले गरेका विभिन्न सम्झौताहरूले समेत संगठित हुन पाउने अधिकारको रक्षा गरेको छ।

श्रमिकहरूले आफ्नो हितको पैरवी गर्न पाउने व्यवस्थाका पक्षमा विश्वका कुनै पनि सरकारले छेको लगाएको छैन। आधुनिक लोकतन्त्रको मुख्य आत्मा नै ट्रेड यूनियन हुन्। लोकतान्त्रिक मूल्यहरूको रक्षा र संविधानले परिकल्पना गरेको समाजवादोन्मुख नेपाल निर्माणका लागि उनीहरूको भूमिका महत्वपूर्ण छ। संसारभरिका क्रान्ति र परिवर्तनका इतिहासहरू श्रमिक आन्दोलनका गाथाले भरिएका छन्। म युवा सांसदहरूलाई यसबारे गम्भीरतापूर्वक अध्ययन र मनन गर्न आग्रह गर्न चाहन्छु। ट्रेड यूनियनलाई विशुद्ध पेशागत संगठनका रूपमा विकास गर्ने विधि र पद्धतीका बारेमा बहस गरौं। तर लामो संघर्षबाट प्राप्त अधिकार खोस्ने दिशामा अघि नबढौं। लोकतन्त्रका संस्थाहरूलाई हामीले नष्ट गर्ने होइन, निर्माण गर्ने हो। सुधार्ने र अझ सशक्त बनाउने हो। यही त लोकतन्त्रको सौन्दर्य हो। विगतमा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा उठेको आन्दोलनपछि बनेको सरकारले संविधानप्रदत्त पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संकुचन गर्ने काम गर्नु विडम्बनापूर्ण छ। हिजो हामीले बोलेकै भरमा थुनिनुपर्ने परिस्थितको विरोध गर्‍यौं तर आज हामी मिडिया संस्थाहरूलाई नियमन गर्ने, कमजोर गर्ने अभ्यास गर्दैछौं। प्रश्नहरूबाट भागेर हैन प्रश्नहरूको जवाफ दिएर मात्रै लोकतन्त्रको विकास हुन्छ। मेरो आग्रह छ, संख्याको दम्भमा विधि मिच्ने काम नहोस्। तपाईंहरूलाई जनताले विश्वास गरेका छन्। त्यो विश्वास विधि बलियो बनाउनेतर्फ लगाउनुस्। आफैंले बोलाएको संसद स्थगित गरेर जनप्रतिनिधिहरूलाई छलेर, एकपछि अर्को अध्यादेशमार्फत जे-जसरी शासन चलाउनु खोज्नु भयो, जसरी प्रतिशोधको गन्ध आउने गरी धरपकडहरू सुरु गर्नुभयो, सरकारको आलोचना गर्नेहरूलाई थुन्ने काम गर्नुभयो, यो लोकतान्त्रिक पद्धती र प्रणालीका लागि कसरी स्वीकार्य हुन सक्छ ? हिजो पुराना दलहरू सबै उस्तै हुन, सबै खत्तम हुन भन्ने भाष्य निर्माण गरियो। तर आज तपाईंहरू त्यही स्वेच्छाचारिता, प्रतिशोध, लोकतान्त्रिक मूल्यमा आघात गर्दै संसद् छल्ने काम गर्दै हुनुहुन्छ। सम्पत्ति विवरणबारे जनस्तरबाट प्रश्न उठेपछि त्यसको पारदर्शी जवाफको अपेक्षा जनताले गरेका थिए तर तपाईंहरू त्यसलाई ढाकछोप गर्नेतिर लाग्नुभयो। पत्रकार र युट्युबरहरूलाई आलोचना गरेकै आधारमा पक्राउ गर्नुभयो। सीमा क्षेत्रमा आफ्नो दैनिक जोहो गर्न भारतीय भूमिबाट घरायसी प्रयोजनका लागि सामान ल्याउँदा समेत त्यो कार्य सरकारका लागि राजस्व छली हुन पुग्यो। तर सीमाबाट हुँदै आएको ठूलो मात्राको तस्करी रोक्ने सरकारको रोडम्याप चाहिँ देखिएन। के साँझ बिहान छाक टार्न, दैनिक जीवन गुजारा गर्न सीमापारीबाट सामान ल्याएकै कारण नउठेको हो त राजस्व ? निमुखा गरीब जनतालाई सास्ती दिएर मात्रै राजस्व वृद्धि हुन्छ त ? हामीले सरकारले सार्वजनिक गरेको रोडम्यापको स्वागत गर्‍यौं। सुशासन, सामाजिक न्याय र समृद्धिका पक्षमा सरकारले विगतका असल अभ्यासहरूको निरन्तरता र नयाँ प्रयासहरू गर्न खोजेकोमा बधाई पनि भन्यौ। तर सरकार गठन भएको एक महिनामैं सरकारको सबैभन्दा ठूलो प्रहार गरिब निमुखा जनतामाथि भएको छ। चाहेँ सहरका सुकुम्वासी हुन् या सीमावर्ती तराईं मधेशका गरिब जनता। यो गम्भीर चिन्ताको विषय छ। सभामुख महोदय, सम्माननीय राष्ट्रपतिज्यूबाट सरकारको वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित संसदमा प्रस्तुत भएको छ। तर जुन हतारोमा नीति तथा कार्यक्रम प्रस्तुत भइरहेको छ र जुन परिपाटी अवलम्बन गरेका छौं त्यसबाट नीति तथा कार्यक्रममाथिको छलफल सधैँ एउटा कर्मकाण्ड मात्रै बन्न पुगेको छ। माननीय सदस्यहरूलाई स्मरण नै होला, मेरो कार्यकालमा मैले नीति तथा कार्यक्रममाथि समावेशी र पर्याप्त छलफल गर्ने विधि र परिपाटी सुरु गर्न खोजेको थिएँ। नीति कार्यक्रम र बजेट कार्यतालिकामा परिवर्तन गरी नीति कार्यक्रममाथि सबैपक्षसँग व्यापक छलफल गर्ने, यहाँ माननीय संसदहरूका सुझाव समेतका आधारमा परिमार्जन गर्ने र सो का आधारमा नीति तथा कार्यक्रमलाई बजेटबाट समर्थन गर्ने गरी मैले अभ्यास शुरु गरेको थिएँ। त्यसो हुन सकेको भए नीति तथा कार्यक्रम कर्मकाण्डी बन्ने थिएन। तर त्यसलाई पछिल्लो सरकारले निरन्तरता दिएन।

विडम्बना, वर्तमान सरकारले त सीमित छलफललाई समेत झनै खुम्च्याएको छ। हाम्रो अहिलेको आवश्यकता क्रमभंगता हो। तदर्थवादी परिपाटीले हामीले जति नारा दिए पनि नयाँ परिपाटीको विकास गर्न सक्दैनौं। यसमा गम्भीर बन्न म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। सरकार गठनभएपछि सरकारले आफ्नो रोडम्याप सार्वजनिक गरेको थियो। विगतका कतिपय असल अभ्यास समेत समेटिएको उक्त रोडम्यापका केही विषयलाई हामीले स्वागत पनि गर्‍यौं। तर बिडम्बना सरकारको नीति तथा कार्यक्रमले भने सत्तारुढ दलको घोषणापत्र, सरकारले तयार पारेको रोडम्याप र राष्ट्रिय संकल्पपत्र या प्रतिबद्धतापत्रको स्पिरिट समात्न सकेको देखिन्नँ। यसले हाम्रा सामु विद्यमान समस्याहरूको सही पहिचान, विश्लेषण र सोको सम्बोधन गर्न जुन गम्भीरता र स्पष्टता बोक्नु पर्दथ्यो त्यो गर्न सकेन। हरेक वर्ष सुनिने उही कुराहरू फेरी दोहोर्‍याएर हाम्रा सामु रहेका आर्थिक तथा सामाजिक समस्याहरू हल गर्न सकिँदैनन्। संरचनागत पक्षहरूलाई सम्बोधन नगरी, तीब्रतर आर्थिक विकासका लागि नयाँ प्राथमिकता र सम्भावनाहरूको पहिचान नगरी यथास्थितका नीति तथा कार्यक्रमले न त आर्थिक वृद्धि सम्भव छ न त लगानीको नै वातावरण बन्छ। नयाँ चरणको आर्थिक सुधारको विषय नीति तथा कार्यक्रममा उल्लेख गरेको छ। तर त्यसलाइ समर्थन गर्ने रणनीतिक आधार तथा कार्यक्रमहरू भने नीति तथा कार्यक्रममा देखिँदैनन्। सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्नका लागि उत्पादन र उत्पादकत्व, रोजगारी लगायतका क्षेत्रमा सरकारको नीति तथा स्पष्ट कार्यक्रम आउनु पर्थ्यो। तर विषयगत तथा क्षेत्रगत रूपमा भने नीति तथा कार्यक्रमहरूमा भने निरन्तर प्रस्तुत भइरहने विषय मात्रै समेटिएका छन्।

राजनीतिक अधिकार प्राप्त गर्न, सुशासन कायम गर्न र सामाजिक न्यायको स्थापनाका लागि सबैभन्दा पहिलो शर्त भनेकै हाम्रो आर्थिक प्रणालीमा आमूल परिवर्तन हो। अहिलेकै आर्थिक प्रणालीले हाम्रा संरचनागत समस्या हल गर्न सक्दैन। यस दिशामा सरकारले पर्याप्त गृहकार्य गर्नुपर्थ्यो तर यो अवसर गुमाउन पुगेको छ। सरकार गठन भएपछि सत्तारुढ दलका सभापति तथा माननीय रवि लामिछानेले यसै रोष्टमबाट सम्पूर्ण दलित समुदायमाथि राज्यका तर्फबाट क्षमा माग्नुभयो। तर त्यो क्षमा सरकारका नीति तथा कार्यक्रममा कहिँ-कतै पनि प्रकट हुन सकेन। दलित समुदायका सवालमा सरकार विगतका यथास्थितवादी सरकारहरू भन्दा पनि प्रतिगामी बन्न पुगेको छ। नीति तथा कार्यक्रमले दलित समुदायका लागि विशेषाधिकारको नीति लागु गर्न अधिकार सम्पन्न दलित विकास प्राधिकरणको आवश्यकतालाई सम्बोधन गर्न सकेको छैन। न त दलित समुदायका रैथाने सीपको प्रवर्द्धनमार्फत उद्यमशीलता तथा अन्य विशिष्ट समस्याहरू सम्बोधन गर्ने कार्यक्रम नै समेटिएको छ। विडम्बना भनौं। जुन मधेशी जनताको सपनाहरूको जगमा यो सरकार बनेको छ। जुन मधेसी जनताले आफ्नै समुदायको व्यक्तिलाई प्रधानमन्त्री बनाउन मत दिए, ती मधेशी जनताका बारेमा सिँगो नीति तथा कार्यक्रम मौन छ। तराई-मधेश क्षेत्रको सिँचाइमा सुधार गरिनेछ भन्ने वाक्यांश बाहेक मधेशी जनताको सामाजिक, सांस्कृतिक तथा आर्थिक समृद्धि र पहिचानको विशिष्टतालाई सम्बोधन गर्ने कुनै पनि बुँदा नीति तथा कार्यक्रम छैन। मधेशले समग्र आर्थिक रूपान्तरण खोजेको छ। सामाजिक परिवर्तन खोजेको छ। सांस्कृतिक पहिचान खोजेको छ। तर सरकारको दस्तावेजमा सिँगो मधेश हराएको छ। मधेशी जनताका समस्या हराएका छन्। यो दुखद छ। सरकारको ४६ पृष्ठको नीति तथा कार्यक्रमले निजामति राष्ट्रसेवकहरूलाई नियमन र नियन्त्रण गर्ने विषय प्राथमिकतामा राख्यो तर दलित, मीटरब्याज पीडित, उपेक्षित उत्पीडित गरिब, जनजाति, सीमांतकृत वर्ग तथा समुदायका मुद्धाहरू देख्न सकेन।

त्यस्तै, मानव विकास सूकांकमा सबैभन्दा पछाडि परेको कर्णाली तथा सुदूरपश्चिम प्रदेशबारे नीति तथा कार्यक्रममा मौनता रहनु, गरीब र पिछडिएका जनताका पक्षमा सरकार नरहेको सन्देश गएको छ। सभामुख महोदय डिजिटलाइजेसनको सन्दर्भमा नीति तथा कार्यक्रमले कैयन पक्षहरू बलियोसँग सम्बोधन गरेकोमा सरकारलाई धन्यवाद छ। मेरै कार्यकालमा सूचना तथा प्रविधिलाई रणनीतिक प्राथमिकतामा राखेर आइटी दशकको घोषणका साथै सार्वजनिक सेवा प्रवाहलाई पूर्ण डिजिटलाईजेसन गर्नका लागि तयार भएको तर कार्यान्वयन हुन नसकेको इ-गभरनेन्स ब्लूप्रिन्टको कार्यान्वयन, एकद्वार सेवा प्रणाली, हरेक सार्वजनिक सेवालाई डिजिटल प्रणालीमार्फत प्रवाह गर्ने विषयहरू स्वागतयोग्य छन्। तर आर्थिक रूपान्तरण तथा सामाजिक न्यायका महत्वपूर्ण विषयहरूमा स्पष्टता नहुँदा र यी विषयहरूले सरकारले दावी गरेकै स्पीरिट समात्न नसक्दा एकांकी रूपमा विकास हुने डिजिटल प्रणालीले डिजिटल डिभाइड मात्रै बढाउँछ। डिजिटलाइजेसन र उत्पादन तथा उत्पादकत्व वृद्धि, डिजिटलाइजेसन र सामाजिक न्याय, समानान्तररूपमा विकास गर्न सके मात्रै यसले सही परिणाम दिन सक्छ। मैले सरकारको आलोचना गर्ने आशयमा यी विषयहरू उल्लेख गरेको होइन। तर जनताको सरकारप्रति जुन आकांक्षा छ त्यो अनुरूप नीति तथा कार्यक्रम आउनुको साटो मन्त्रालयहरूका नियमित कार्यक्रमहरूको सारसंग्रहका रूपमा यो प्रस्तुत भएकोमा मेरो चिन्ता हो। म यो विषयलाई गम्भीरतापूर्वक अध्ययन गर्न, विगतका नीति तथा कार्यक्रमहरूको आलोकमा यसको तुलनात्मक अध्ययन गर्न र वर्तमान विशिष्टतामा जनताका आकांक्षा सम्बोधन गर्ने गरी यसलाई परिमार्जन गर्न सबै माननीयहरूलाई आग्रह गर्दछु।

**सभामुख महोदय,**

राजनीतिक यात्राको अत्यन्त उतारचढावपूर्ण मेरो अनुभवले भन्छ, हार सहन जति गाह्रो हुन्छ, जित पचाउन त्योभन्दा गाह्रो हुन्छ। यो संसदमा रास्वपासँग करिब करिब दुई तिहाइको विशाल बहुमत छ। यो विशाल बहुमतलाई जनताको विशाल जिम्मेवारीका रूपमा ह्यान्डल गर्नुपर्छ, यसलाई अहंकारको मलखाद बन्न दिनु हुँदैन। नेकपाका रूपमा हामी यही संसदमा करिब तपाईंहरूकै साइजमा थियौं, केही वर्षअघि। जनताको त्यो विश्वास हाम्रो आफ्नै कमजोरीको सिकार भयो। संख्या कहिल्यै स्थायी हुँदैन, न त जनताको समर्थन निःशर्त हुन्छ। त्यो हामीबाट सिक्नोस्, इतिहासबाट सिक्नोस्। यो सम्मानित संसद लोकतन्त्रको आधारस्तम्भ मात्र होइन, नागरिक सम्प्रभुताको सबैभन्दा ठूलो प्रयोग स्थल हो। यहाँ निषेध, अपमान र प्रतिशोध होइन कि सहमति, सहकार्य र आपसी विश्वासले प्राथमिकता पाउनुपर्छ। हाम्रो भूराजनीतिक अवस्थितिले ठूलो विवेक र संयमको माग गर्छ। राष्ट्रिय स्वाधिनताको रक्षा र सुदृढिकरणको प्रश्न हामी नेपालीको लागि आज सर्वाधिक संवेदनशील र महत्वपूर्ण प्रश्नका रूपमा उभिएको छ। हाम्रो भूराजनीतिक अवस्थितिका कारण विभिन्न शक्तिकेन्द्रहरूका दबाब र हस्तक्षेप बढ्दो छ। साथै हाम्रो प्राकृतिक श्रोत साधन जसमा युरेनियम जस्तो बहुमुल्य खनिज पदार्थ पनि पर्दछ तिनमा आफ्नो नियन्त्रणका लागि समेत शक्ति केन्द्रहरू लाग्न सक्दछन्। यस्तो संवेदनशील परिस्थितिमा सम्पूर्ण देशभक्त नेपालीहरू आफ्नो राष्ट्रिय हित, आत्मसम्मान र संशोधनको रक्षा गर्न एकजुट हुनुपर्ने ऐतिहासिक आवश्यकता छ। विपक्षी दलका रूपमा हामी तपाईंहरूको कमजोरीको प्रतिक्षामा छैनौं। जनताले सुम्पेको जिम्मेवारी पूरा गर्नोस्, साथ र समर्थन रहन्छ। राष्ट्रनिर्माण सामूहिकताबाट मात्र सम्भव छ। सरकार र संसदका सबै सदस्यलाई सफल कार्यकालको हार्दिक शुभकामना छ। धन्यवाद !


**सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं !**

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार !

नेपाल सरकार

**विज्ञापन बोर्ड**


प्रकाशक: **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं